मजदुर विज्ञापन शाखा
नागाँचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।
- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो–यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।

समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार।
नेपाल सरकार विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : ११९ ★ ने. सं. ११४६ अनाला थ्व, षष्ठी ★ शुक्रबार ★ ८ जेठ, २०८३ ★ May 22, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बधाई तथा मार्गनिर्देशन कार्यक्रम




भक्तपुर, ७ जेठ । २०८२ को एसईई परीक्षामा वागीश्वरी माविबाट उत्तीर्ण भएका विद्यार्थीहरूका लागि लिबालीस्थित ओल्ड दरबारमा जेठ ७ गते बधाई तथा मार्गनिर्देशन कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा भनपाका मेयर सुनील प्रजापतिले देशमा गणित, विज्ञानको शिक्षक पाउन गाह्रो भएको भन्दै एसईईपछि विभिन्न कलेजमा अध्ययन गर्न जाने विद्यार्थीहरूले ती कलेज कसरी सञ्चालन भएका छन् भन्ने कुरा थाहा पाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "एसईई परीक्षा पास गरेपछि तपाईंहरूको साँचो परीक्षा अब सुरु भएको छ । यो उपलब्धि कायम राख्न अझै मिहिनेत गर्नुपर्छ । पारिवारिक सहयोगमा मन लगाउनुपर्छ । ठुलठुला व्यक्तिहरूको जीवनी पढ्नुपर्छ ।"

उहाँले विज्ञान, शिक्षा, कानुन, मानविकी, म्यानेजमेन्ट जे पढे पनि भक्तपुरमै सबै उपलब्ध भएको बताउनुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले विद्यार्थीहरूलाई बधाई दिँदै शिक्षकहरूको योगदान भुल्न नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "अब चौबाटोमा पुगेको अवस्था छ । कुन विषय पढ्ने, कता जाने भन्ने कुराको निर्णय विद्यार्थीहरूले विचार पुऱ्याएर गर्नुपर्छ । आफ्नो क्षमताअनुसार विषय छान्नुपर्छ ।"

कार्यक्रमका सभापति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धिका पछाडि शिक्षक, कर्मचारी, अभिभावक सबैको उत्तिकै हात रहेको जनाउँदै उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सफलता पाउन अरुबाट साथ लिएपछि अरुलाई पनि सफलता दिलाउन साथ दिने संस्कारको विकास गर्नुपर्छ । समाजप्रति सदा उत्तरदायी बन्नुपर्छ र हामी नम्र र कर्तव्यनिष्ठ बन्नुपर्छ । घर बलियो बन्न जग बलियो हुनुपर्छ भनेझैं आफ्नो लक्ष्य प्राप्त गर्न प्रवेश गरिने गेट सही हुनुपर्छ ।"

विद्यालयका प्रअ कृष्णप्रसाद कर्माचार्यले कुनै पनि विषय नराम्रो नहुने र यहीँ पढेर विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शुल्कमा छुट दिइने र अन्य विद्यार्थीलाई नियमानुसार दिइने छात्रवृत्तिको बारेमा जानकारी गराउनुभयो ।

कार्यक्रममा, 4 GPA ल्याउन सफल सुबिना श्रेष्ठ र 3.95 GPA ल्याउने अभिनव प्रजापतिले आफू विद्यालयमा पढ्दाका अनुभव र उच्च GPA ल्याउनको लागि गर्नुपर्ने अध्ययनबारे बताउनुभयो ।

विद्यालयका इन्चार्ज विश्वेश्वर मानन्धरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमको अन्त्यमा विद्यार्थीलाई मायाको चिनो वितरण गरिएको थियो । औपचारिक कार्यक्रमपछि कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको समूहले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । २०८२ सालको एसईईमा वागीश्वरी माविबाट सम्मिलित जम्मा ३५१ विद्यार्थीमध्ये २९१ जना उत्तीर्ण भएका थिए ।

## क्युवामाथि दबाब बढाउँदै अमेरिकी साम्राज्यवाद
## १४ वर्षीय राउलविरुद्ध हत्या र षड्यन्त्रको झूटो अभियोग



वासिङ्टन डीसी । अमेरिकी सरकारले सन् १९९६ मा दुईवटा विमान खसालेको घटनामा संलग्न रहेको आरोपमा क्युवाका पूर्वराष्ट्रपति नेता राउल कास्ट्रोविरुद्ध अमेरिकी नागरिकको हत्या गर्ने षड्यन्त्र र अन्य अपराधको झूटो मुद्दा दर्ता गरेको छ ।

क्युवाविरोधी आपराधिक समूह क्युवाली-अमेरिकी समूह 'ब्रदर्स टु द रेस्क्यु' सँग आबद्ध विमान क्युवा र फ्लोरिडाबिचको समुद्रमा खसाल्दा चार जनाको मृत्यु भएको थियो, जसमा तीन जना अमेरिकी नागरिक थिए । यस घटनाका लागि राउल क्यास्ट्रो र अन्य पाँच जनामाथि आधारहीन आरोप लगाइएको छ ।

९४ वर्ष पुगेका क्यास्ट्रो तत्कालीन समयमा क्युवाको सशस्त्र बलका प्रमुख थिए र यस घटनाका कारण उनले अन्तर्राष्ट्रिय रूपमा चर्को आलोचना खेपेका थिए । क्युवाको समाजवादी शासनमाथि अमेरिकी दबाब बढ्दै गएको समयमा क्युवाली राष्ट्रपति मिगुएल डियाज-कानेलले यो आरोपलाई कानुनी आधारविनाको राजनीतिक चालबाजी भन्नुभएको छ ।

मियामीको फ्रिडम टावरमा बोल्दै कार्यवाहक अमेरिकी महान्यायाधिवक्ता टोड ब्लान्चले अमेरिकाले कास्ट्रोविरुद्ध विमान नष्ट गरेको र अर्मान्डो अलेजान्ड्रे जुनियर, कार्लोस अल्बर्टो कोस्टा, मारियो म्यानुएल डे ला पेना र पाब्लो मोरालेसको मृत्युको मामलामा चारवटा छुट्टाछुट्टै हत्याको आरोप पनि लगाएको बताए । ब्लान्चले 'अमेरिका र राष्ट्रपति ट्रम्पले आफ्ना नागरिकलाई कहिल्यै बिर्सने छैनन्' भनेका छन् । यी आरोपहरू अमेरिकी अदालतमा बहस हुनेछ र हत्याको आरोप प्रमाणित भएमा मृत्युदण्ड वा आजीवन कारावासको सजाय हुन सक्छ ।

न्याय मन्त्रालयको यो नयाँ कदमले क्युवाली कम्युनिस्ट पार्टीको नेतृत्वको प्रमुख व्यक्तिलाई निशाना बनाएको छ ।

अमेरिकन युनिभर्सिटीका ल्याटिन अमेरिकी राजनीतिविज्ञ विलियम लियोग्रान्डले भने, "क्युवाली सरकारले वार्ताको टेबुलमा आत्मसमर्पण नगरेसम्म अमेरिकाले बिस्तारै दबाब बढाउँदै लैजाने रणनीति लिएको देखिन्छ ।" अमेरिकाले क्युवामाथि प्रतिबन्ध लगाएको छ र तेल आपूर्तिमा नाकाबन्दी गरेको छ, जसले गर्दा त्यहाँ विद्युत् कटौती र खाद्य सङ्कट निम्तिएको छ ।

विज्ञ लियोग्रान्डले यदि क्युवालीहरूले आत्मसमर्पण गरेनन् भने अमेरिकाले पूर्वक्युवाली राष्ट्रपतिलाई पक्राउ गर्न सक्ने वा हत्या गर्न सक्ने अनुमान गरेका छन् । गत जनवरीमा अमेरिकाले भेनेजुएलाका पूर्वराष्ट्रपति निकोलस मादुरोलाई न्याय मन्त्रालयले अभियोग लगाएपछि पक्राउ गर्न सैन्य अपरेसन चलाएको थियो । यसले वासिङटन र काराकसबिचको सम्बन्धलाई बदलेको थियो ।

तर, क्युवाको हकमा क्यास्ट्रोले करिब एक दशकअघि नै अवकाश लिइसकेकाले त्यस्तै प्रभाव नपर्न सक्ने लियोग्रान्डको भनाइ छ । ९५ वर्ष पुग्न लागेका र स्वर्गीय क्युवाली क्रान्तिका सर्वोच्च नेता फिडेल कास्ट्रोका भाइ राउल कास्ट्रो अझै क्युवामा क्रान्तिका जीवित नेताका रूपमा प्रभावशाली हुनुहुन्छ र जनताबिच निकै लोकप्रिय हुनुहुन्छ । सन् २००८ देखि २०१८ सम्मको आफ्नो राष्ट्रपतिकालमा उहाँले तत्कालीन अमेरिकी राष्ट्रपति बराक ओबामासँग मिलेर वासिङटन-हभाना सम्बन्धमा सुधारको प्रयास गर्नुभएको थियो ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले यस अभियोगको राजनीतिक पक्षबारे बोल्दै क्युवाली-अमेरिकी आपराधिक समूहहरूसँग आफ्नो राम्रो सम्बन्ध रहेकाले ती समूह आफ्नो परिवारजस्तै भएको र मद्दत गर्न आफू तयार रहेको बताएका छन् ।

## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - २०

**प्रत्यक्षदर्शी सुरज पराजुली**

भदौ २३ गते करिब ११ बजेदेखि ११:३० बजेतिर अकस्मात् संसद् भवन अगाडि ठुलो भीड आइपुग्यो । भीडमा स्कूल ड्रेसका विद्यार्थीसमेत थिए । भीड गेटभित्र प्रवेश गर्न खोजेपछि प्रहरीले रोक्न खोज्दा धकेलाधकेल भयो । भीडका मानिसहरू तोडफोडमा संलग्न रहेका र संसद् भवन छिर्ने मानसिकतामै थिए । यो क्रममा गोली चलेको आवाज आइरहेको थियो । चोकमा रहेको आकाशे पुलमुनि एक जना ढलेको देखेको हुँ । करिब

*बाँकी पृष्ठ ८ मा*

**क्यान्टिन (चमेनागृह) सञ्चालनसम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको पुनः सूचना**

*प्रकाशित मिति २०८३ जेठ ८ गते*

यस ख्वप इन्जिनियरिङ कलेजको परिसरमा क्यान्टिन सञ्चालकको आवश्यकता भएकोले इच्छुक व्यक्ति वा सङ्घ-संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र पुनः शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । शिलबन्दी दरभाउपत्र फारम रू. ३००।- (अक्षरेपी तीन सय रूपियाँ) लेखा शाखा (ब्लक बी भवन) मा बुझाई लिन सकिनेछ ।

**विस्तृत जानकारीको लागिः**
**ख्वप इन्जिनियरिङ कलेज**
**फोन नं.:-** ०१-५१२२०९४,०१-५१२२०९८
**इमेल :-** info@khec.edu.np
account@khec.edu.np

**ख्वप माध्यमिक विद्यालय**
**शारदा क्याम्पस माध्यमिक विद्यालय**
देकोचा, भक्तपुर

**कक्षा ११ भर्ना कार्यक्रमसम्बन्धी सूचना**

शैक्षिक वर्ष २०८३/८४ को लागि कक्षा ११ विज्ञान, व्यवस्थापन, मानविकी, कानुन र शिक्षाशास्त्र संकायमा अनलाइनमार्फत भर्ना कार्यक्रम सञ्चालन भइरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**आवेदन फारामको लागि वेबसाइट** : https://kss.mpathshala.com/kssnewadmission
**फाराम बुझाउने अन्तिम मिति** : २०८३ जेठ ८ गते, शुक्रबार, साँझ ५ बजेसम्म
**प्रवेश परीक्षा मिति** : २०८३ जेठ ९ गते, शनिबार
**प्रवेश परीक्षा समय** : बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म **(पहिलो शिफ्ट)**
: दिउँसो १२:३० बजेदेखि २:३० बजेसम्म **(दोस्रो शिफ्ट)**

एसईई र प्रवेश परीक्षा नतिजाको आधारमा जेहेनदार तथा उत्कृष्ट विद्यार्थीहरूलाई छात्रवृत्तिको विशेष व्यवस्था छ । साथै, कक्षा ११ मा देहायका ऐच्छिक विषयहरू अध्यापन गराइन्छ ।

| Stream | Optional Subjects |
|---|---|
| Science | Physics, Biology, Computer Science, Chemistry |
| Management | Accounting, Business Studies, Computer Science, Finance, Business Mathematics, Economics, Hotel Management, Marketing, Tourism & Mountaineering Studies |
| Humanities | Painting, Mass Communication, Political Science, Culture, Opt. English |
| Law | Jurisprudence and Legal Theories, Procedural Law, Constitutional Law |
| Education | Child Development and Learning, Population Studies, Opt. English, Opt. Nepali |

विद्यालयको सूचना, प्रवेश परीक्षा तथा भर्नासम्बन्धी अन्य जानकारी विद्यालयको **Facebook page:** https://www.facebook.com/khwopahss र फोन नं ०१६६१०९३२, ०१६६१४३३६, ९७४१८१११७८, ९७४१८१११७९, ९७४१८१११८० बाट प्राप्त गर्न सकिनेछ ।

**website :** www.khwopahss.edu.np

# गोरखा नपाका प्रमुख कृष्णबहादुर रानामगर नेतृत्वको टोली भनपामा



भक्तपुर, ७ जेठ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग बिहीबार गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगर र उपप्रमुख मसलीमाया थोकरसहितको टोलीले भेट गऱ्यो । नगर प्रमुख प्रजापतिले ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको अध्ययन अवलोकनका लागि भक्तपुर आउनुभएका प्रमुख रानामगरसहितको टोलीलाई खादा तथा भादगाउँले टोपीद्वारा स्वागत गर्नुभयो । उक्त भेटमा दुई नगर प्रमुखबिच दुवै नगरपालिकाबिच सम्पदा संरक्षण, पर्यटन प्रवर्द्धन, स्थानीय कला संस्कृति संरक्षण आदि विषयमा अनुभव आदानप्रदान भएको थियो ।

भेटघाट कार्यक्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, स्थानीय विकास, सम्पदा संरक्षण, पर्यटन प्रवर्द्धन, सरसफाइ क्षेत्रमा गरिरहेको कामहरूबारे अवगत गराउनुभयो ।

सम्पदा क्षेत्र घोषणा गर्ने अधिकार स्थानीय तहलाई प्राप्त भएको उल्लेख गर्दै उहाँले परम्परागत तथा मौलिक शैलीमा घर निर्माण गर्न प्रोत्साहन गर्ने उद्देश्यले भक्तपुर नपाले नपाको मापदण्डअनुसार घर बनाउने घरधनीहरूलाई अनुदानको व्यवस्था गरेको बताउनुभयो ।

विशेषगरी परम्परागत इँटा, काठको झ्याल ढोका, झिङ्गटी तथा मौलिक शैली प्रयोग गरी निर्माण गरिएका घरहरूले ऐतिहासिक बस्तीको सौन्दर्य संरक्षणमा योगदान पुऱ्याउने भएकोले नगरपालिकाले नागरिकलाई यसतर्फ आकर्षित गर्न अनुदानको व्यवस्था गरेको उहाँले बताउनुभयो ।

नगरपालिकाले विद्यार्थीहरूलाई छात्रवृत्ति र शैक्षिक ऋृण प्रदान गर्दै आएको उल्लेख गर्दै उहाँले युवा तथा महिला लक्षित सीपमूलक तालिम सञ्चालन गरी नगरवासीहरूलाई स्वरोजगार बनाउने प्रयत्न गर्दै आएको बताउनुभयो ।

गोरखाका मेयर रानामगरले गोरखाको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वलाई संरक्षण गर्ने उद्देश्यले गोरखालाई सम्पदा बस्ती घोषणा तथा संरक्षणको लागि आवश्यक कार्यविधि निर्माण प्रक्रिया अघि बढाउने तयारी भइरहेको बताउनुभयो ।

उहाँले गोरखाको परम्परागत बस्ती, मौलिक वास्तुकला, मठमन्दिर, ऐतिहासिक संरचना आदिको संरक्षण, प्रवर्द्धन र व्यवस्थापनको सिलसिलामा कार्यविधि तयार गर्न लागिएको विचार व्यक्त गर्दै कार्यविधि तयार गर्न भक्तपुर नगरपालिकाको आवश्यक साथ, सहयोग तथा समन्वयको अपेक्षा रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण र सांस्कृतिक पहिचान जोगाउन गरेको कार्य उदाहरणीय रहेको उल्लेख गर्दै उहाँले गोरखामा पनि यस्ता अभ्यासलाई अघि बढाइने बताउनुभयो ।

उपप्रमुख थोकरले स्थानीय मौलिकता जोगाउँदै विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै भक्तपुरले अपनाउँदै आएको सम्पदामैत्री विकास, परम्परागत शैलीमा घर निर्माणमा अनुदान तथा संस्कृति संरक्षणका अभ्यासहरू गोरखाका लागि पनि उपयोगी भएको धारणा व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले प्रमुख रानामगरलाई मयुरको झ्याल र नपाका प्रकाशनहरू उपहारको रूपमा प्रदान गर्नुभयो । गोरखा नपाका प्रमुख प्रशासकीय अधिकृत एकदेव खनाल, वडाध्यक्ष राजेन्द्रकुमार जोशी, इन्जिनियर प्रकाश ढकाल, लेखा अधिकृत सन्तोष लामिछाने, प्रशासकीय अधिकृत विजय उपाध्याय, संस्कृतिविद राजुबाबु श्रेष्ठ, पत्रकार राजेन्द्र न्यौपाने, भाष्कर श्रेष्ठ, किशोरजंग थापालगायतको उपस्थिति थियो ।

प्रतिनिधिमण्डलले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप मावि र ख्वप अस्पताल अवलोकन गरेको थियो ।

# मनसुनजन्य विपद् प्रतिकार्यमा जुट्यो सेना

काठमाडौँ, ७ जेठ । नेपाली सेनाले विगतका वर्षमा सञ्चालित उद्धार तथा राहत अभियानबाट प्राप्त अनुभव र सिकाइका आधारमा यसवर्ष मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याउने भएको छ । यस अभियानमा सङ्घीय, प्रदेश तथा स्थानीय सरकारका निकाय, अन्य सुरक्षा निकाय, गैरसरकारी संस्था तथा स्थानीय समुदायसँग सहकार्य र समन्वयलाई विशेष प्राथमिकता दिइएको छ ।

सेनाका अनुसार विपद्को समयमा तत्काल परिचालन हुन सक्नेगरी जिल्लास्थित गण तथा गुल्ममा आवश्यक सङ्ख्यामा फौज तयारी अवस्थामा राखिएको छ । प्रदेशस्थित सबै पृतनामा आवश्यक उद्धार उपकरणसहित विशेष क्षमतायुक्त खोज तथा उद्धार टोली तैनाथ गरिएको छ । यसले बाढी, पहिरो तथा अन्य विपद्का घटनामा छिटो र प्रभावकारी उद्धार सम्भव हुने अपेक्षा गरिएको छ ।

विपद्को समयमा दुर्गम क्षेत्रमा उद्धार तथा राहत सामग्री पुऱ्याउन सेनाले हेलिकप्टर तथा अन्य हवाई साधनलाई पनि तयारी अवस्थामा राखेको जनाइएको छ । काठमाडौँबाहेक सुर्खेत र इटहरीमा एक/एक वटा हेलिकप्टर 'स्ट्यान्डबाई' राखिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

मनसुनको सुरुआतसँगै सातै प्रदेशमा परिचालन हुन सक्नेगरी अन्य हवाई साधनहरू काठमाडौँमा तयारी अवस्थामा राखिने व्यवस्था मिलाइएको छ । मौसम पूर्वानुमानका आधारमा दुई वटा हवाई साधनलाई उपयुक्त स्थानमा पूर्वतैनाथ गर्ने योजना रहेको सेनाले जनाएको छ ।

बाढी तथा पहिरोका कारण राजमार्ग अवरुद्ध भएमा तत्काल यातायात सञ्चालन गर्न विभिन्न स्थानमा 'बेलिब्रिज' तयारी अवस्थामा राखिएको छ । धादिङको गजुरी, चितवनको भरतपुर तथा बाराको जितपुरमा एक/एक सेट बेलिब्रिज राखिएको सेनाले जनाएको छ ।

गाडीमार्फत सजिलै आवश्यकता भएको स्थानमा पुऱ्याएर तुरुन्त सञ्चालन गर्न सकिने तीन वटा द्रुत यान्त्रिक पुलहरू गौचरस्थित ब्यारेकमा राखिएका छन् । विशेष उद्धार कार्यका लागि शीघ्र प्रतिकार्य टोलीलाई गौचर ब्यारेक, काठमाडौँमा तयारी अवस्थामा राख्ने व्यवस्था गरिएको निर्देशनालयले जनाएको छ । उक्त टोलीलाई हवाई साधनमार्फत तुरुन्त प्रभावित क्षेत्रमा परिचालन गर्न सकिनेछ ।

मनसुनजन्य विपद्का समयमा घाइते तथा प्रभावित नागरिकलाई तत्काल स्वास्थ्य सेवा उपलब्ध गराउन देशभरका सैनिक अस्पतालबाट चिकित्सकसहितको टोली परिचालन गर्न सकिने गरी आवश्यक जनशक्ति, उपकरण तथा औषधि तयारी अवस्थामा राखिएको छ । यसका साथै प्रत्येक पृतनामा औषधि, खाद्यान्न तथा अन्य राहत सामग्री व्यवस्थापन गरिएको नेपाली सेनाले जनाएको छ ।

आवश्यक परेको अवस्थामा सैनिक इन्जिनियरिङ विभागबाट 'हेभी इक्विप्मेन्ट' तथा 'अपरेटर' सहितका सवारीसाधन तुरुन्त परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राखिएको छ । यसले पहिरो पन्छाउने, सडक खुलाउने तथा क्षतिग्रस्त संरचनाको मर्मतजस्ता कार्यमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास गरिएको छ ।

विपद् व्यवस्थापन केवल एउटा निकायको प्रयासबाट मात्र सम्भव नहुने भएकाले स्थानीय समुदाय र सबै सरोकार भएका निकायबिच समन्वयात्मक तथा योजनाबद्ध प्रतिकार्य आवश्यक रहेको नेपाली सेनाले जनाएको छ । विगतका मनसुनजन्य विपद्बाट सिकेका पाठका आधारमा केन्द्रदेखि जिल्ला तहसम्म सरोकारवाला निकाय तथा स्थानीय समुदायलाई सहभागी गराएर तयारीलाई अझ प्रभावकारी बनाइएको छ ।

यसै क्रममा सेनाको नेतृत्व तथा पहलमा नेपाल सरकारका विभिन्न मन्त्रालय, सरकारी निकाय तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहभागितामा गत वैशाख २१ देखि २३ गतेसम्म जङ्गी अड्डामा केन्द्रीय तहको एकीकृत अभ्यास 'अभ्यास हातेमालो' सञ्चालन गरिएको थियो । उक्त अभ्यासमार्फत विपद्सम्बन्धी गतिविधिको समीक्षा, प्रतिकार्य क्षमता अभिवृद्धि तथा सरोकारवाला निकायबिचको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने लक्ष्य राखिएको थियो । यसखालका अभ्यास क्रमशः प्रदेश तथा जिल्ला तहसम्म सञ्चालन गरिने जनाइएको छ ।

यसैगरी, स्थानीय समुदायको सहभागितामा सामूहिक विपद् प्रतिकार्य तालिमसमेत सञ्चालन गरिएको छ । यस्ता अभ्यास र तालिमले विपद्को समयमा नागरिक र सुरक्षा निकायबिच समन्वयलाई अझ बलियो बनाउने विश्वास गरिएको छ ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतका अनुसार प्रत्येक वर्ष दोहोरिने मनसुनजन्य विपद्को प्रभावकारी प्रतिकार्यका लागि पूर्वतयारी योजनाअनुसार संयुक्त अभ्यास सञ्चालन गर्दै आवश्यकताअनुसार सबै सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी योजनाको सफल कार्यान्वयनमार्फत जनधनको क्षति न्यूनीकरण गर्न नेपाली सेना कटिबद्ध रहेको छ ।

मनसुनजन्य विपद्को चुनौती बढ्दै गइरहेको वर्तमान अवस्थामा सेनाले गरेको यो व्यापक पूर्वतयारीले विपद् व्यवस्थापन प्रणालीलाई थप सुदृढ बनाउनाका साथै नागरिकमा सुरक्षा र भरोसाको भावना अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ । ***रासस***

# उच्च शिक्षामा कृत्रिम बौद्धिकताको विवेकशील प्रयोगमा जोड

कीर्तिपुर (काठमाडौँ), ७ जेठ । सार्क देशका विज्ञहरूले कृत्रिम बौद्धिकतालाई मानव सेवामा लगाउन यसको विवेकशील प्रयोगमा जोड दिएका छन् । राज्यले जतिसक्दो छिटो नीति बनाएर यसको दुरूपयोग रोक्नुपर्ने विज्ञको धारणा छ ।

त्रिभुवन विश्वविद्यालयको आयोजना र एसियाली विकास बैङ्क तथा संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को) को आर्थिक सहयोगमा बुधबारदेखि राजधानीमा सुरु भएको 'उच्चशिक्षामा जिम्मेवार र नवप्रवर्तनात्मक कृत्रिम बौद्धिकताको नक्साङ्कन' सम्बन्धी बहसमा विज्ञहरूले यस्तो बताएका हुन् ।

कार्यक्रममा नेपालका साथै चीन, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, माल्दिभ्स, भूटानलगायत देशका प्रतिष्ठित विश्वविद्यालयका उपकुलपति, प्राध्यापक तथा अनुसन्धानकर्ताहरूको उपस्थिति रहेको छ । कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा सुशीलबहादुर बज्राचार्यले कृत्रिम बौद्धिकताको सचेत प्रयोग गरी उच्चशिक्षालाई थप गुणस्तरीय, प्रभावकारी तथा विश्वपरिवेश अनुरूपको बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले कृत्रिम बौद्धिकताको प्रयोगबारे प्राध्यापक र विद्यार्थीलाई दक्ष बनाई संस्थागत विकासमा केन्द्रित गर्नुपर्ने, अनुसन्धान दक्षता अभिवृद्धि गर्नुपर्ने र नीतिगत रूपमा सरकारले कृत्रिम बौद्धिकताको प्रयोगलाई सहज बनाउने नीति तथा कानुन निर्माण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपालका लागि चीनका राजदूत छाङ म्याओमिङले कृत्रिम बौद्धिकताको विकासले मानवीय चिन्तन प्रणालीमा व्यापक परिवर्तन ल्याएको धारणा व्यक्त गर्दै कृत्रिम बौद्धिकताको दिगो प्रयोग र सम्भावित चुनौतीको सामना गर्न चीन सरकारले अनुसन्धानमा लगानी बढाएको बताउनुभयो । उहाँले उच्चशिक्षामा कृत्रिम बौद्धिकताले अवधारणात्मक परिवर्तन ल्याएको उल्लेख गर्दै सबै मुलुकहरूले आपसी सहयोग र सहकार्यमार्फत प्रविधिको सकारात्मक र मानवउपयोगी प्रयोगमा जोड दिनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा 'अनलाइन' शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय संस्था नेपालको प्रारम्भ गरिएको छ । उक्त निकाय प्रारम्भ गर्ने सहमति पत्रमा निमित्त शिक्षाध्यक्ष प्राडा शङ्करप्रसाद खनाल र बी सियाओहान, युनेस्को उपनिर्देशकबिच हस्ताक्षर भएको थियो । ***रासस***

# बालबालिकामा कुपोषण बढ्यो

काठमाडौँ, ७ जेठ । सरकारले सञ्चालन गरेको 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' मा कुपोषण हुने बालबालिकाको सङ्ख्या बढेको पाइएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले बालबालिकाको पोषणको अवस्था पत्ता सञ्चालन गरेको अभियानमा बालबालिकामा विगतको भन्दा बढी सङ्ख्यामा कुपोषण देखिएको हो ।

स्वास्थ्य सेवा विभाग, पोषण शाखा प्रमुख लिलाविक्रम थापाले अभियानको प्रारम्भिक प्रतिवेदनमा विगतभन्दा यसपटक कुपोषणको भएका बालबालिकाको सङ्ख्या बढेको बताउनुभयो । उहाँका अनुसार कडा शीघ्र कुपोषण चार प्रतिशत बालबालिकालाई देखिएको छ । यसअघि उक्त सङ्ख्या एक प्रतिशतमा रहेको थियो ।

शाखा प्रमुख थापाले भन्नुभयो, "यसपटक हामीले देशभरि नै अभियान सञ्चालन गरेकाले कडा शीघ्र कुपोषणका बालबालिकालाई धेरै देखिएको हो । पहिले हामी प्रदेशमा मात्र कुपोषणको अवस्था पत्ता लगाउने गर्दथ्यौँ र कम देखिएका हुन् ।"

उहाँका अनुसार कडा शीघ्र कुपोषण कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेशमा बढी देखिएका छन् । कडा शीघ्र कुपोषण भएका बालबालिका ख्याउटे र करङ देखिने खालको हुने गर्दछन् ।

कडा शीघ्र कुषोषण लागेका बालबालिकालाई 'तयारी उपचारात्मक खाना' दिने र उक्त तयारी खाना खाएपछि बालबालिकालाई स्वस्थ्य हुने उहाँको भनाइ छ । तयारी खाना दिँदा पनि पहिलेको अवस्थामा नआएका बालबालिकालाई देशतिर २५ वटा पुनःस्थापना केन्द्रमा आमा र बच्चा दुवैलाई राखेर दैनिक रूपमा हेरेर तयारी खाना खुवाइने थापाले बताउनुभयो ।

यसैगरी, मध्यम कुपोषण १२ प्रतिशत बालबालिकामा देखिएको छ । मध्यम शीघ्र कुपोषण भएका बालबालिका दुब्लाउने, उमेरअनुसार तौल नहुने तथा लुरे हुने गर्दछन् ।

**अभियान जेठसम्म**

शाखा प्रमुख थापाका अनुसार साधनस्रोतको कमीले जेठ महिनासम्म अभियान सञ्चालन गरिने छ । सरकारले पोषण पत्ता लगाउन पहिलो पटक गत वैशाख १५ देखि ३० गतेसम्म अभियान सञ्चालन गरेको थियो । बालबालिकाको उचाइ र तौल लिने उपकरणको अभावमा सबै पालिकामा अभियान सञ्चालन गर्न नसकिएकाले जेठ महिनासम्म अभियान विस्तार गरिएको हो । उहाँले अर्को वर्षदेखि यसलाई कार्यक्रमका रूपमा राखिने जानकारी दिनुभयो ।

सरकारले छ महिनादेखि ५९ महिनासम्मका करिब २२ लाख बालबालिकाको पोषण अवस्था जाँच गरी शीघ्र कुपोषणको समयमै पहिचान र उपचार गर्ने उद्देश्यसहित अभियान सञ्चालन गरिएको हो । यस अभियानअन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्थामार्फत बालबालिकाको पाखुराको मध्य भागको घेरा नापेर पोषणको स्थिति पत्ता लगाउने गरिएको छ । ***रासस***

# कानुन निर्माणमा नागरिकको सहभागिता बढाउन 'डिजिटल प्लेटफर्म'

काठमाडौँ, ७ जेठ । कानुन निर्माण प्रक्रियामा नागरिकको सहभागिता बढाउन सार्वजनिक गरिएको छ । गत वैशाख २७ गते कानुन दिवसको अवसरमा घोषणा भएको उक्त प्लेटफर्ममार्फत नागरिकले ऐन तथा विधेयकका मस्यौदामा आफ्नो सुझाव र असहमति सिधै पठाउन सक्नेछन् ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले कानुन निर्माण प्रक्रियामा नागरिकलाई प्रत्यक्ष रूपमा सहभागी गराउने उद्देश्यले डिजिटल प्लेटफर्म सार्वजनिक गरिएको बताउनुभयो । उहाँले कानुनहरू नागरिककै लागि बन्ने भए पनि निर्माण प्रक्रियामा जनसहभागिता पर्याप्त नभएको औँल्याउँदै यस पहलले कानुनी सचेतना विस्तार र नागरिक सहभागिता दुवै सुनिश्चित गर्ने जानकारी दिनुभयो ।

कानुन मन्त्रालयको आधिकारिक वेबसाइटमा गई सम्बन्धित ट्याबमा क्लिक गरेर नागरिकले कुनै पनि विधेयक वा कानुनको दफामा संशोधन वा सुझाव दिन सकिने जनाइएको छ । त्यस्तै भाषागत कठिनाइ भए पनि मन्त्रालयले सुझावलाई कानुनी भाषामा रूपान्तरण गर्ने बताएको छ । तथापि सुझाव दिनुअघि सम्बन्धित कानुन अनिवार्य रूपमा अध्ययन गर्नुपर्ने सर्त राखिएको छ । ***रासस***

# अपाङ्गता भएकालाई विपद् पूर्वसूचनाबारे सिकाइँदै

टीकापुर, ७ जेठ। कैलालीको टीकापुर नगरपालिकाले अपाङ्गता (फरक क्षमता भएका) व्यक्तिहरूलाई विपद् पूर्वसूचना तथा विपद् व्यवस्थापनसम्बन्धी जानकारी दिन थालेको छ। पालिकाले पहिलो चरणमा ३५ अपाङ्गता भएका र उनीहरूका सहयोगी गरी ५६ जनालाई विपद्का समयमा पूर्वसूचना कसरी लिने भनी जानकारी दिएको हो।

टीकापुर बाढीजन्य विपद्मा रहेको पालिका हो। यसबाहेक अन्य विपद्का बेला पनि कसरी सुरक्षित रहने, कस्को सहयोग लिने, सूचना कहाँकहाँबाट लिने भन्ने सिकाइएको छ। विपद्सम्बन्धी सूचना स्थानीय पालिकामा रहेको स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, मौसम पूर्वानुमान महाशाखा, रेडियो तथा टेलिभिजन, साइरन वा माइकिङ, मोबाइलमा आउने म्यासेज, सामाजिक सञ्जाल, अनलाइन सञ्चारमाध्यम, महिला स्वास्थ्य स्वयंसेविका, बडघर, भल्मन्सा, चिराकी, प्रहरी, टोल विकास संस्था, विपद् व्यवस्थापन समितिमार्फत सूचना लिन सकिने टीकापुर नगरपालिका वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख निर्मला चौधरीले बताउनुभयो।

उहाँ भन्नुहुन्छ, "हामीले विपद् पूर्वसूचनाबारे जानकारी दिन नियमित रूपमा काम गर्दै आएको छौँ, पूर्वसूचनाले विपद्को क्षति कम गर्न सघाएको छ। बाढीजन्य विपद्का बेला अपाङ्गता भएकालाई उद्धारमा कठिन हुने भएकाले उहाँहरू स्वयंलाई सचेत गराएमा समयमै उद्धार हुन्छ। उनीहरूका लागि आवश्यक सामग्रीसमयमै सुरक्षित राख्न सकिन्छ।"

यसपालिकामा आगामी वर्षको योजनासमेत निर्माण भइरहेकाले अपाङ्गता भएकाहरूको समावेशीकरण, अपाङ्गमैत्री योजनामा प्राथमिकता दिन उनीहरूसँग छलफल चलाइरहेको चौधरीको भनाइ छ।

शिक्षक तथा कैलाली अपाङ्ग सेवा सङ्घमा आबद्ध दुर्गा खत्री विपद्का समयमा अपाङ्गता भएकालाई समयमै सूचना पाउन र सुरक्षित स्थानमा जान कठिन हुने भएकाले सूचनामा पहिलो प्राथमिकता दिन र अपाङ्गमैत्री संरचना बनाउन, सहयोगी वातावरण बनाउनुपर्ने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "विपद्का समयमा अपाङ्गता भएकाहरूको ज्यान जोखिममा हुन्छ, उद्धार तथा सुरक्षित स्थानान्तरणमा पनि समस्या हुन्छ। पूर्वसूचना समयमै पाएमा आफ्नो ज्यान जोगाउनुका साथै सहायक सामग्री, आवश्यक सामान, औषधिसमेत सुरक्षित राख्न सहयोग हुन्छ।"

होटल व्यवसायी महासङ्घका केन्द्रीय सदस्य निसात विक्रम बम हरेक संरचना अपाङ्गमैत्री हुनुपर्ने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "विपद्का समयमा अपाङ्गता भएकालाई प्राथमिकता दिएर काम गर्नुपर्ने, सेल्टरहरू पनि अपाङ्गमैत्री बनाउनुपर्ने आवश्यकता छ। दृष्टिविहीन, श्रवण अशक्त र शारीरिक अपाङ्गता जसले ह्विलचेयरको प्रयोग गर्नुहुन्छ, उहाँहरूलाई विशेष प्राथमिकता दिने योजना हुनुपर्छ।"

टीकापुर नगरपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक तथा वडा नं ६ का वडाध्यक्ष बलिराम चौधरी विपद्मा पूर्वसूचना र तथ्याङ्क महत्त्वपूर्ण हुने भएकाले वडा नं ६ मा सबैको तथ्याङ्क लगिएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "कुन घरमा कति सदस्य छन्, उनीहरूको अवस्था के छ ? अपाङ्ग कति जना छन् भन्ने तथ्याङ्क लिएका छौँ। अब अन्य वडामा पनि तथ्याङ्क लिनुपर्छ। तथ्याङ्क भएमा विपद्का समयमा थोरै समयमा धेरै काम गर्न सकिन्छ।" टीकापुर नगरपालिकाबाट अपाङ्गता परिचयपत्र बनाउनेको सङ्ख्या एक हजार ४०० बढी छ। **रासस**

# दस महिनामा पाँच लाख ७३ हजार बढी पर्यटक मुस्ताङ भित्रिए

मुस्ताङ, ७ जेठ। चालु आर्थिक वर्ष २०८२/८३ को दस महिनामा पाँच लाख ७३ हजार ९७७ जना पर्यटक मुस्ताङ भित्रिएका छन्। चालु आवको साउनदेखि वैशाखसम्म आन्तरिक तथा बाह्य गरी उक्त सङ्ख्यामा पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

दस महिनामा चार लाख २० हजार ८६ आन्तरिक र एक लाख ५३ हजार ८९१ जना बाह्य पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो। आन्तरिकतर्फ दुई लाख १९ हजार ८१७ पुरुष र दुई लाख २६९ जना महिला पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ। यसैगरी, बाह्यतर्फ ९० हजार ९५७ पुरुष र बाँकी महिला पर्यटक मुस्ताङ भित्रिएका प्रहरी निरीक्षक बस्यालले उल्लेख गर्नुभयो।

म्यागदी र मुस्ताङको सिमाना थासाङ गाउँपालिका-४ घाँसास्थित प्रहरी चेक पोस्टमा प्रविष्ट भएको प्रहरी तथ्याङ्कअनुसार सबैभन्दा कम साउनमा १९ हजार ७९१ र सबैभन्दा बढी वैशाख महिनामा एक लाख पाँच हजार ५०३ जना आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएका हुन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक बस्यालका अनुसार चालु आवको साउनदेखि वैशाख महिनासम्म कोरला सडकको म्यागदी हुँदै एक लाख ३१ हजार ६७२ वटा विभिन्न प्रकारका सवारीसाधन मुस्ताङ भित्रिएका छन्। वसन्त ऋतुको आगमनसँगै अनुकूल पर्यटकीय याम चैत र वैशाख महिनामा सबैभन्दा बढी पर्यटक भित्रिएका उहाँको भनाइ छ।

यसैगरी हिउँदयाम अघिको असोजमा ७५ हजार ५९९ र कात्तिकमा ८३ हजार ७६६ आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएको प्रहरी तथ्याङ्कले देखाएको छ। बर्खायामको सुरुवाती समयको अनुकूल याममा मुस्ताङ भ्रमण गर्नेको घुइँचो बढ्ने गरेको हो। अनुकूल यामको मौका छोपेर उल्लेख्य सङ्ख्यामा भारतीय पर्यटक र नेपाली पर्यटक मुक्तिनाथ मन्दिरको दर्शन गर्न आउने गरेका प्रहरी चेक पोस्टमा प्रविष्ट तथ्याङ्कले देखाएको छ। मुस्ताङ भित्रिएका बाह्य पर्यटकको सङ्ख्यामध्ये ८० प्रतिशत बढी भारतीय पर्यटक हुने गरेका प्रहरी निरीक्षक बस्यालको भनाइ छ।

गत आर्थिक वर्षमा सात लाख पाँच हजार ७७९ जना पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए। गतवर्ष भित्रिएका पर्यटकमध्ये पाँच लाख ५५ हजार ३२६ जना आन्तरिक र एक लाख ५० हजार ४५३ जना बाह्य रहेका प्रहरी निरीक्षक बस्यालले जानकारी दिनुभयो। चालु आवको भदौमा जेनजी युवाको आन्दोलन, अमेरिका-इजराइल र इरानबिचको मध्यपूर्वको द्वन्द्वका कारण मुस्ताङको पर्यटनमा आंशिक असर पुगेको उहाँको बुझाइ छ। वर्सेनि बढ्दो क्रममा पर्यटन आगमन रहेको छ।



**नदीमा बाँध बाँधेर उत्खनन**
नवलपुर र चितवन हुँदै बग्ने नारायणी नदीलाई नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैंडाकोटमा बाँध बाँधेर गरिएको उत्खनन। गैंडाकोट नगरपालिकाले लगाएको ठेक्कामा नदीको सानो भङ्गालो थुनेर नदीजन्य पदार्थको उत्खनन भइरहेको छ। *तस्विर: टेकराज पोखरेल/रासस*

# विद्यार्थी र शिक्षक शिक्षिकाहरू पुरस्कृत तथा सम्मानित




भक्तपुर, ७ जेठ। जेन्युइन स्कूलमा २०८२ सालको एसईई परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी र शिक्षक शिक्षिकाहरूलाई एक कार्यक्रमबिच नगद पुरस्कार तथा प्रशंसापत्रसहित सम्मान गरियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले भक्तपुरका नागरिकका नाताले संस्कृति सम्पदा र संस्कार छुटाउन नहुने विचार व्यक्त गर्दै विद्यालयले समाजलाई सभ्य र सुसंस्कृत बनाउन आवश्यक विषयलाई उच्च प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। उहाँले शिक्षित र दीक्षित बनाउने यस कार्यमा सम्बन्धित सबैले जिम्मेवारी बहन गर्न जरुरी छ भन्नुभयो।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा क्षेत्रमा क्रमिक रूपमा कार्य गर्दै आइरहेको स्पष्ट पार्दै उहाँले शैक्षिकस्तर वृद्धि भइरहेको, समाजमा अग्रज नागरिकहरूको आदर र व्यवस्थापनमा लागिरहेको, खेलकुदलगायत समुदायका मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र संवर्द्धनमा जोड दिइरहेको बताउनुभयो।

उहाँले बहुप्रतिभाशाली युवाहरू तयार गरी समाज र राष्ट्रलाई टेवा पुर्‍याउने कार्यमा हामी सबैको ध्यान केन्द्रित गर्नुपर्ने र यस कार्यमा भक्तपुर नगरपालिकाले सामुदायिक एवम् संस्थागत विद्यालयलाई अझ ऊर्जावान र शैक्षिक रूपमा लाग्नुपर्ने बताउनुभयो।

भक्तपुर शिक्षा विकास समन्वय एकाइका प्रमुख सरितादेवी शर्माले स्वदेशमै गुणस्तरीय र विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने उच्च शिक्षाको व्यवस्थापन गरी वैदेशिक पलायन रोक्न पहल गर्नुपर्ने बताउनुभयो।

उहाँले शैक्षिक उन्नयनका लागि पेसाप्रति दत्तचित्त भई प्रविधियुक्त, नवप्रवर्तन र नविनत्तम सीपसहितको संस्कारयुक्त शिक्षा दिन सबैमा अपिल गर्नुभयो। स्रोत साधनमा लगानी गरी जिल्लाकै पहिचानलाई अझ राष्ट्रियस्तरमा पुर्‍याउनु हुन आ-आफ्नो क्षेत्रबाट पहल गर्न उहाँले अनुरोध गर्नुभयो।

भनपा वडा नं. ५ का वडा अध्यक्ष र विद्यालयका संस्थापक प्रिन्सिपल योगेन्द्रमान बिजुक्छेँले सिकाइ भनेको चलिरहने प्रक्रिया भएको र यसमा अभिभावक, शिक्षक, विद्यार्थीको सामूहिक प्रयासले मात्र सफल हुने बताउनुभयो।

उहाँले नयाँ सरकारले शैक्षिक क्षेत्रमा सरोकारवालासँगको छलफलबिना लिइएको निर्णय र वास्तविकताभन्दा टाढा रहेको र वस्तुमा केन्द्रित हुनुको साटो प्रक्रिया र प्रणाली ध्यान पुर्‍याउन नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो। विद्यालयले विद्यार्थीहरूलाई मात्र नभई शिक्षक-शिक्षिकाहरूलाई पनि नियमित अतिरिक्त पठनपाठनका सामग्रीहरूमा अभ्यस्त बनाउँदै आएको उहाँले बताउनुभयो।

विद्यालयका संस्थापक एवम् सञ्चालक विश्वबहादुर दुवालले एसईई परीक्षामा ४ जीपीए ल्याउन सफल विद्यार्थी बिन्दी थापामगरलाई प्रशंसा-पत्रसहित रु. १ लाख पुरस्कारले सम्मान गर्नुभयो।

कार्यक्रमका सभापति एवम् विद्यालयका सञ्चालक समितिका अध्यक्ष नारायणभक्त थाले आगामी परीक्षामा पनि उत्कृष्ट नतिजा ल्याउन विद्यार्थी एवम् शिक्षक परिवारलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभयो।

विद्यालयका संस्थापक कृष्णराम सुजखुले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो। विद्यार्थी र सङ्गीत शिक्षकहरूले साङ्गीतिक प्रस्तुतिसमेत रहेको उक्त कार्यक्रममा विद्यालयका निमित्त प्रधानाध्यापक राजन धौभडेलले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

आधारभूत परीक्षा कक्षा ८ तथा एसईई परीक्षामा विद्यालयलाई उत्कृष्ट नतिजा ल्याउन योगदान र मेहनत गर्नुहुने शिक्षक-शिक्षिकाहरूलाई उपमेयर एवम् शिक्षा विकास समन्वय प्रमुखले नगदसहित कदर-पत्र प्रदान गर्नुभयो।

# आफ्नै जग्गा प्रयोग गर्न नपाउँदा भरतपुर अस्पताल सेवा विस्तारमा समस्या

नारायणगढ (चितवन), ७ जेठ। बिरामीको चाप बढेसँगै सेवा विस्तारको आवश्यकता बढ्दै गए पनि भरतपुर अस्पतालले आफ्नै स्वामित्वको जग्गा उपयोग गर्न नपाउँदा पूर्वाधार विकास प्रभावित बनेको छ। अस्पतालले नयाँ भवन निर्माणदेखि विशेषज्ञ सेवा विस्तारसम्मका योजना अघि बढाउने लक्ष्य राखे पनि जग्गा प्रयोगमा देखिएको अवरोध मुख्य चुनौतीका रूपमा देखिएको हो।

अस्पतालका प्रवक्ता डा. रामप्रसाद सापकोटाले अस्पताल विस्तार र भावी योजनाका लागि थप जग्गा आवश्यक पर्ने बताउनुभयो। उहाँका अनुसार अस्पतालले भोगाधिकार गर्न पाउने करिब ३० बिघा जग्गामध्ये हाल ११ बिघा मात्रै अस्पताल प्रयोजनमा प्रयोग भइरहेको छ। बाँकी जग्गा विभिन्न संस्था तथा कार्यालयले प्रयोग गरिरहेका छन्।

डा. सापकोटाका अनुसार कलेज अफ मेडिकल साइन्सले नौ बिघा जग्गा भाडामा लिएको छ भने स्कुल अफ हेल्थ साइन्सले छ बिघा प्रयोग गरिरहेको छ। त्यसैगरी आँखा अस्पतालले करिब चार बिघा, रक्तसञ्चार केन्द्रले दुई कठ्ठा, नेपाल रेडक्रस सोसाइटीले एक कठ्ठा, जिल्ला स्वास्थ्य कार्यालयले १० कठ्ठा १० धुर तथा नहर एरिया टोल विकास संस्थाले १० धुर जग्गा प्रयोग गरिरहेका उहाँले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "उहाँहरूले प्रयोग गरिरहनुभएको जग्गाका विषयमा लिज ऐनअनुसार भरतपुर अस्पतालसँग सम्झौताका लागि पटकपटक पत्राचार गरेका छौँ। तर, उहाँहरू आउनुभएको छैन। फेरि पनि लिज ऐनअनुसार सम्झौताका लागि आउन अनुरोध गर्दछौँ। कतिपय संस्थाको हकमा माथिल्लो निकायबाट निर्णय भएकाले त्यसतर्फ पहल गरिदिन सम्बन्धित निकायलाई पनि अनुरोध गर्दछौँ।"

डा. सापकोटाले भरतपुर अस्पताल तत्कालीन महेन्द्र आदर्श चिकित्सालयका रूपमा सानो भवनबाट सुरु भएको उल्लेख गर्दै हाल सङ्घीय अस्पतालमा विस्तार भई सञ्चालन भइरहेको बताउनुभयो। करिब ६०० शय्याको अस्पतालमा दैनिक दुई हजारदेखि तीन हजार बिरामी उपचारका लागि आउने गरेका उहाँले जानकारी दिनुभयो।

।सम्पादकीय।

# संयुक्त राज्य अमेरिका विश्वबाट एक्लिँदै

खराब कार्यको परिणाम खराबै हुने भएकोले ढिलो-चाँडो साम्राज्यवादी देशहरू अवश्य पतन हुनेछन्। संसारका शान्तिकामी, देशभक्त, न्यायप्रेमी र स्वतन्त्रताप्रेमी जनता संरा अमेरिकी साम्राज्यवादको पतनको दिनगन्ति सुरु गर्दै छन्। अमेरिका इरानका राष्ट्रपतिको हत्या गरेर त्यहाँको आणविक अश्त्रशस्त्र ध्वस्त पार्ने उद्देश्यले आक्रमणमा उत्रेपछि विश्वका जनताले मात्र होइन अधिकांश अमेरिकी जनताले आफ्नै देशको प्रशासनको निन्दा र विरोध गरे। अमेरिकाले इरान र प्यालेस्टिनमा आक्रमण गर्दा अमेरिकाको इतिहासमा सबभन्दा बढी अमेरिकी जनता अरू देशको स्वाधीनता र सार्वभौमसत्ताको पक्षमा लागे। अमेरिकी आक्रमण र हस्तक्षेपको विरोधमा विश्वका करोडौँ न्यायप्रेमी र अमेरिकी जनता सडकमा उत्रेपछि अमेरिकी सरकार या ट्रम्प सरकारलाई लज्जित बनायो। त्यसले राष्ट्रपति ट्रम्पको शिर निहुराउन बाध्य बनायो। यो अमेरिकी प्रशासनको निम्ति ठुलो चेतावनी मात्र होइन खबरदारी साबित भयो।

अमेरिकाले अहिले पनि संसारका दर्जनौँ मुलुकमा सैन्य अखडा राखेको छ; सशस्त्रधारी अमेरिकी सेना तैनाथ गरेको छ। स्वाधीन र सार्वभौम देशमा आन्तरिक द्वन्द्व चर्काउने, मिलेर आक्रमण गर्ने र त्यहाँका मानव सभ्यताका धरोहर नष्ट गर्ने काम अमेरिकाले गर्दै छ। अनुत्पादक र ध्वंसात्मक स्वरूपमा आक्रमण गर्दै गर्दा अमेरिका आर्थिक रूपले ऱ्हासोन्मुख हुँदै छ। अमेरिकामा ऋणको भार बढ्दै छ। यसकारण, ऊ आफ्नो खर्च जोगाउन अरू मुलुकलाई उठाएर आक्रमण गराउनतर्फ लागेको छ। साम्राज्यवादविरोधी मुलुकमा अरू देशमार्फत आक्रमण गराएर अमेरिका हातहतियार बेच्दै छ। अरू देशको प्राकृतिक स्रोत र साधन आफ्नो हातमा पार्न, सस्तोमा किन्न र आफ्ना देशका उद्योगपति या व्यापारीहरूको हातमा लिन अमेरिकाले अरू देशमा आक्रमण गरिरहेको कसले बुझेका छैनन्? साम्राज्यवादको विरोध गर्ने देशलाई एक एक पाइला गरेर आक्रमण गर्ने, जनधन ध्वस्त पारेर आफू जहिल्यै 'अमेरिका प्रथम' भइरहने उसको उद्देश्य रहेको छ।

अमेरिकी राष्ट्रपति ट्रम्प स्वतन्त्र र सार्वभौम देश र देशका राष्ट्रप्रमुखहरूलाई धम्की दिने, आफ्नो उठबसमा राख्ने काम गर्दै छन्। आफ्नो धम्की र दबाबसामु नझुक्ने देश र देशका राष्ट्रप्रमुखहरूलाई हत्या गर्ने, अपहरण गर्नसमेत ऊ पछि परेको छैन। क्युवामाथि उहिलदेखि लगाइएको आर्थिक नाकाबन्दी हटाउन ९९ प्रतिशत देशका प्रतिनिधिले मत राखे पनि फिर्ता नलिने अमेरिकी ट्रम्प प्रशासन के एक्लिँदै गएको सङ्केत होइन? हतियार र सेनाको भरमा टिकेको अमेरिकी प्रशासन विश्वका जनतासामु घृणित बन्दै छ; संसारका जनताले अमेरिका डुबिरहेको सङ्केत गर्दै छन्।

अमेरिकी ट्रम्प प्रशासन कहिले इरानसँग त कहिले प्रजग कोरियासँग कहिले फकाएर, कहिले धम्काएर, कहिले शान्ति वार्ताको कुरा खोकेर भाग्दै छ। अमेरिकी प्रशासन कहिले पनि विश्वमा शान्ति छर्न चाहेन; विश्वका सबै मुलुकको विकास चाहेन। अरू देशको आन्तरिक द्वन्द्व चर्काएर, अरूलाई फसाएर संसारमा हैकम चलाउने अमेरिकी प्रशासनको विश्वका जनता विरोधमात्र होइन एकजुट हुँदै छन्; एकजुट भएर एकै स्वरमा विरोध गर्दै छन्। यतिबेला अमेरिका चारैतिरबाट घेरिएको छ। विश्वका जनता साम्राज्यवाद अवश्यम्भावी पतन हुन्छ भन्दै छन्। विश्वका जनतामा छाएको यो साम्राज्यवादविरोधी भावना संसारका विभिन्न मुलुकको बस्ती बस्तीमा पुग्दै छ। अमेरिकी प्रशासनको क्रूर आक्रमण र अत्याचारकै कारण राष्ट्रपति ट्रम्प आफ्नै देशमा असुरक्षित बनेका छन्। आफ्नै देशका जनताबाट उनी तिरस्कृत मात्र होइन गोलीको शिकार बनेका छन्। जो आगोसँग खेल्छ आगोमै मर्छ, जो पानीसँग खेल्छ पानीमै मर्छ भनेझैँ शक्तिको अहङ्कार गर्ने अमेरिका शक्तिकै कारण अन्त हुने दिन नजिकिँदै छ। राजनीतिज्ञहरूले विश्लेषण गरेका छन्; यो एक्काइसौँ शताब्दी अमेरिकी साम्राज्यवाद अन्त हुने शताब्दी हुनेछ।

# के इरानमा ट्रम्पको आक्रमण तेस्रो विश्वयुद्धको सङ्केत हो?

✍ प्रज्ज्वल

संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना उद्योगी-व्यापारीको दलबलसहित गत वैशाख ३० र ३१ गते चीनको भ्रमण गरे। यसअघि आफ्नो पहिलो राष्ट्रपतिकाल सन् २०१७ मा उनी चीन गएका थिए। ट्रम्पले चीनसँग ठुलै परिमाणमा व्यापार सम्झौता गर्ने र आफ्नो देशको व्यापार घाटा घटाउने दाबी गरे पनि यसमा चीनले चासो देखाएन। अर्थात्, संरा अमेरिकाको क्यालिफोर्नियास्थित सान्ता क्लारामा मुख्य कार्यालय भएको प्रविधिसम्बन्धी बहुराष्ट्रिय कम्पनी NVIDIA संस्थानको एआई चिप्स चीनलाई बेच्ने ट्रम्पको सपना पूरा भएन। यतिखेर चीनसँग संरा अमेरिकाको अर्बौं डलरको व्यापार घाटा छ। ट्रम्पले सैनिक गतिविधिमा प्रयोग हुने एआई चिप्स चीनलाई बेचेर व्यापार घाटा घटाउने मनसाय राखेको थियो। ट्रम्पले चीनलाई बोइङ कम्पनीका हवाईजहाज तत्काल २०० थान गरी जम्मा ७५० थान बेच्ने तयारी गरेका थिए। संरा अमेरिकी कृषि उत्पादन भटमासको धेरै परिमाण चीनले किन्थ्यो। ट्रम्पको चीनविरुद्ध व्यापार युद्धको कारण संरा अमेरिकी निर्यात सङ्कटमा पऱ्यो। ट्रम्पले चीनलाई इन्धन बिक्री गर्ने पनि तयारी गऱ्यो। तर, चिनियाँ राष्ट्रपति सी चिनफिङको संरा अमेरिकी सामग्री खरिदबारे ट्रम्पसँग कुनै सम्झौता भएन। ट्रम्पले चीनको भूभाग थाइवानलाई ११ अर्ब डलरको हतियार बेच्ने प्रस्तावलाई चीनले स्वीकार गरेन।

ट्रम्पले इरानको हर्मुज जलडमरु सुरु गर्न चीन मध्यस्थताको भूमिकामा आउने अपेक्षा गरेका थिए। संरा अमेरिका र इजरायलले गएको फेब्रअरी २८ मा संयुक्त रूपमा इरानमा आक्रमण गरेपछि हर्मुज नाकामा इरानी अवरोध सुरु भयो। ट्रम्प र नेतन्याहुले आफ्ना सहयोगी नेटो देशहरूलाई समेत थाहा नदिई अचानक इरानमा आक्रमण गरेका थिए। यो आक्रमणसँगै पश्चिम एसियामा विश्व उडानको चौबाटो खाडी क्षेत्रको आकाशसमेत बन्द भयो।

ट्रम्प प्रशासनले इरानको सभ्यता मेटिदिने, इरानलाई ढुङ्गेयुगमा फर्काउने, इरानको ९० प्रतिशत इन्धन निर्यात हुने खर्ग टापुलाई निशाना बनाउने, इरानको आणविक केन्द्र ध्वस्त पार्ने धम्की दिइरहेको छ। यो धम्कीको प्रतिकारमा इरानी जनता देशको झन्डा बोक्दै सडकमा उत्रेका छन्। यसअघि इरानले आफ्नो नियम पालना गर्ने मित्रहरूलाई हर्मुज जल नाका खोल्ने घोषणा गरेको हो। अर्थात्, संरा अमेरिका र इजरायलको जहाजलाई जान नदिने यो उद्घोष हो।

यतिखेर संरा अमेरिकाकै कारण इरानसँगको युद्धविराम काँचो धागोमा अडिएको छ। अर्थात् ट्रम्पकै कारण पश्चिम एसियाको स्थिति तनावपूर्ण छ। ट्रम्पले खाडी क्षेत्रमा ५० हजार सेनासहित लडाकु विमान तैनाथी बढाए भने क्षेप्यास्त्र प्रणाली र बमबारीको तयारी गर्दै छ। इजरायलले पनि इरानमा आक्रमण गर्न सैन्य तयारी गरेको छ। ट्रम्प र नेतन्याहुले इरानको तेल क्षेत्र, आणविक उर्जा क्षेत्र, सैन्य क्षेत्रमा आक्रमणको तयारी गर्दै छन्। इरानले पनि ट्रम्प र नेतन्याहुको सैन्य आक्रमणको प्रत्याक्रमणमा सैन्य तयारी गर्दै छ।

ट्रम्पले आफ्नो चीन भ्रमणमा इरानसँगको युद्ध रोक्न चीनको मध्यस्थताको अपेक्षा गरेका थिए। तर, चीनले त्यस्तो सङ्केत गरेन। ट्रम्पको भनाइ र गराइ फरक छ। यसकारण, पनि युरोपसमेत मध्यस्थताको भूमिकामा आउन चाहेन। ट्रम्पको कारण पाकिस्तानको कोसिस सफल भएन।

यतिखेर संरा अमेरिका र विश्वमै ट्रम्पको ख्याती घट्दो छ। ट्रम्पको जतातत्तै युद्ध सुरु गर्ने नीतिको विरोध संरा अमेरिकामै बढ्दो छ। संरा अमेरिकी जनता ट्रम्पलाई सङ्केत गर्दै 'नयाँ राजा' चाहिँदैन भनी विरोध गर्दै छन्। संरा अमेरिकामा मध्यावधि चुनाव हुने र बढ्दो मूल्यवृद्धिको कारण ट्रम्प इरानसँगको युद्ध टुङ्ग्याउन चाहन्छन्। इरानमा भएको विनाशको क्षतिपूर्ति, आणविक ऊर्जा उत्पादनमा अवरोध नगर्ने, अब उप्रान्त आक्रमण नहुने प्रत्याभूतिलगायत इरानको सर्त स्वीकार गर्न ट्रम्प प्रशासन मानेको छैन, उल्टो ट्रम्प आफू इरान युद्धमा जितेको दाबी गरी युद्धबाट बाहिरिन चाहन्छन्। तर, यो सम्भव छैन।

ट्रम्पको कारण इरान युद्ध भियतनाम, इराक र अफगानिस्तानजस्तै लम्बिने र इरानलाई थकाइने पनि सार्वजनिक भइरहेको छ। तर, इरान थाक्ने अवस्थामा छैन। किनभने आक्रमण ट्रम्प र नेतन्याहुले नै गरेका हुन्। इरान युद्धले युरोप, एसियाको आर्थिक अवस्था ओरालो लागेको छ। ट्रम्प प्रशासनले यो युद्धमा १० खर्ब डलर खर्च गरेको सार्वजनिक भयो। ट्रम्प प्रशासनलाई यो युद्ध 'दाउरा नभएको बेला पिँडालु उसिने' जस्तै भयो। यो रकम उत्पादनशील काममा लगाइएको भए संरा अमेरिकाको व्यापार घाटा घट्ने थियो। यो युद्ध पुनः सुरु भए विश्वकै अर्थतन्त्रमा नकारात्मक प्रभाव बढ्ने छ।

ट्रम्प र नेतन्याहुले इरानमा हमला गरेको कारण विश्वको आर्थिक विकास २ प्रतिशतमा सीमित हुने, महँगी (मुद्रास्फीति) ६ प्रतिशत पुग्ने, खाद्य सङ्कट बढ्ने, सन् १९२९ मा झैँ शेयर बजारको मूल्य घट्ने, वित्तीय संस्था र बैङ्क असफल हुने, औद्योगिक उत्पादन ऱ्हास हुने बेरोजगारी बढ्नेलगायत आर्थिक सङ्कट बढ्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा आयोग (IAEA) ले सन् २०२६ मा इतिहासमै सबैभन्दा बढी ऊर्जा सङ्कट हुने सार्वजनिक गऱ्यो। ट्रम्प र नेतन्याहुले इरानमा पुन:आक्रमण गरे तेल प्रतिब्यारेल डेढ सय डलर बढी पुग्ने, मलखाद थप सङ्कट हुने, कृषि उत्पादन घट्ने, अबको ६ महिनामा दाल, चामल, तरकारी, खाद्य तेलको मूल्य ४० देखि १२० प्रतिशत बढ्ने छ।

ट्रम्प इरान युद्धमा यूएईलाई भिडाएर आफू पछि हट्न चाहेको छ। इरान आक्रमणमा ट्रम्पलाई युएईले बढी साथ दिएको हो। यसरी युद्ध धेरै देशमा फैलिने सम्भावना छ। पहिलो विश्व युद्ध (सन् १९१४-१८) र दोस्रो विश्व युद्ध (सन् १९३९-४५) पनि विस्तारै पक्ष पक्ष देशहरूमा विभाजित भई युद्ध सुरु भएको हो। इरान युद्ध पुनः सुरु भएमा लालसागरको समुद्रीमार्ग बन्द हुनेछ। स्वेज नहर बन्द हुनेछ। यसले युरोप र एसियाको ९० प्रतिशत समुद्री व्यापार बन्द हुनेछ।

खाडी मुलुकको रोजगारीमा पठाइएका १ करोड भारतीयबाट आउने विप्रेषणमा अवरोध हुनुको साथै उनीहरूलाई घरफिर्ता गराउने विषय भारतलाई हाँकको रूपमा आउनेछ। भारत संसारकै बढी विप्रेषण अर्थात् वार्षिक १३५ अर्ब डलर भित्र्याउने मुलुक हो। यति धेरै परनिर्भर भारत युद्ध चर्किएसँगै थप ओरालो लाग्नेछ। यसले दक्षिण एसियाली देशहरूमा समेत थप सङ्कट आउने छ।

यूएई र दुवई पर्यटन, किनमेल र संसारका धनीहरूको रकम बैङ्कमा बचत हुने केन्द्र पनि मानिन्छ। युद्ध भए यो अवस्था रहने छैन। विदेशीको बचत फिर्ता लगिने छ। यूएई युद्धको कारण तीन महिनायता खस्किएको छ। तसर्थ, युद्ध रोक्नु संरा अमेरिकी जनतासँगै बाँकी संसारको लागि जरुरी छ। ट्रम्प प्रशासनमा सद्बुद्धि आओस्।

# चिनीको भाउ बढी हुने भो भनेर चिन्ता नगर्ने कि चिनी नै खान कम गर्ने?

✍ अरुणा उप्रेती

करिब २५ सय वर्षअघि उखुबाट चिनी बनाउने प्रक्रिया भारतमा सुरु भयो र विस्तारै चीन, पश्चिम अफ्रिका, ब्राजिल हुँदै विश्वभर फैलियो। प्रारम्भमा चिनी उत्पादन गर्नु खर्चिलो हुने भएकाले धेरै महँगो पर्थ्यो र धनी मानिसहरूले मात्र चिनी प्रयोग गर्न सक्थे। राजा-महाराजालाई अन्य सुन र चाँदीका गहनाजस्तै गरेर चिनीलाई उपहारस्वरुप दिइने चलन थियो। जब संसारका विभिन्न ठाउँमा चिनीको उत्पादन हुन थाल्यो, तब आम मानिसले पनि यसको प्रयोग गर्न थाले।

सन् १८८५ बाट चिनीको प्रयोग कोकाकोलामार्फत सुरु भयो। त्योबेला कोकलाई 'ब्रेन टनिक' अर्थात् मस्तिष्क तीक्ष्ण पार्ने वस्तु भनेर गलत प्रचार गरिएको थियो। "चिनी बनाउने कम्पनीले मानव शरीरमा चाहिने ऊर्जा ग्लुकोजले दिन्छ र चिनी खाएपछि शरीरमा ग्लुकोज पुग्छ। शरीरमा स्फूर्ति आउँछ। अर्थात् जति खायो उति राम्रो" भनेर प्रचारप्रसार गरे। तर जिब्रोको स्वादका लागि सेवन गरेको चिनी हानिकारक छ, यसले क्षणिक उत्तेजना दिए पनि दीर्घकालीन रूपमा भने मानव स्वास्थ्यमा असर पुऱ्याउँछ।

सन् १९२८ मा 'चिनी स्वस्थकर' भनेर विज्ञापन नै सुरु भयो। गर्मीको समय सर्बतमा जाडोमा पेयपदार्थमा चिनी हालेर खाँदा रोग-प्रतिरोधात्मक शक्ति बढ्छ भनेर भ्रामक प्रचार गरियो। यस्तो विज्ञापनबाट प्रेरित भएर अमेरिकामा चिनीको प्रयोग बढ्न थाल्यो। विस्तारै त्यहाँ मोटोपन पनि बढ्न थाल्यो। चिनी कम्पनीहरूले अनुसन्धानकर्ता र




स्वास्थ्यकर्मीलाई पैसाले गोजी भरिदिई 'चिनी स्वस्थकर छ' भनेर अनुसन्धानको निचोड निकाल्न लगाए र धेरै प्रचारप्रसार गरे। तर, जनस्वास्थ्य विज्ञहरूले चिनीको खराबीको बारेमा बोल्न थाले। जब २० औँ शताब्दीमा अमेरिकामा मधुमेह, फ्याटी लिभर, कब्जियत, अल्सर, ग्यास्ट्राइटिस र मोटोपन बढ्न थाल्यो र अस्पतालमा अनेक समस्या लिएर मानिसहरू आउन थाले, तब मात्र जनस्वास्थ्य विज्ञले भनेको कुरामा विश्व समुदायले विश्वास गर्न थाले।

चिनीले मानिसको मोटोपन बढाउने, मधुमेह गराउने र मुटुरोग लाग्ने भएकोले यसको प्रयोग कम गर्न विश्व स्वास्थ्य सङ्गठनले बोल्न आवश्यक छ भनेर केही जनस्वास्थ्य विज्ञहरूले सन् २००२ मा सुझाव दिएका थिए। त्यसपछि सो सङ्गठनले 'हामीले खानाबाट प्रत्येक दिन प्राप्त गर्ने क्यालोरी (शक्ति) मध्ये १० प्रतिशतभन्दा बढी चिनीबाट लिनु हुँदैन' भन्यो। अर्थात् हामीले लिने शक्तिको स्रोतमध्ये चिनी १० प्रतिशतभन्दा कम नै हुनुपर्छ र ९० प्रतिशत अन्य खानाको स्रोतबाट प्राप्त गर्नुपर्छ।

यो कुरा प्रकाशमा आएपछि विशेषगरी अमेरिकाका चिनी उत्पादन गर्ने ठुला कम्पनीहरूले 'विश्व स्वास्थ्य सङ्गठनले जनतामा भ्रम फैलायो' भनेर आक्रोश पोखे। उनीहरूले विश्व स्वास्थ्य सङ्गठनलाई दिने सहयोग कटौती गर्ने निर्णय पनि गरे। ती कम्पनीले अमेरिकाको सिनेटमा प्रभाव पारेर चिनीले खराबी गर्ने कुरा प्रचार गरेमा विश्व स्वास्थ्य सङ्गठनलाई अमेरिकाबाट दिँदै आएको आर्थिक सहयोग रोकिदिने धम्की पनि दिन लगाए। चिनी उत्पादक कम्पनीहरूले भनेका थिए, "हामीले खानाबाट प्राप्त गर्ने दैनिक क्यालोरीमध्ये २५ प्रतिशतसम्म चिनीबाट प्राप्त गर्दा पनि हुन्छ।" तर, जनस्वास्थ्य विज्ञहरूले यो कुरालाई अस्वीकार गरे र धेरै चिनीको उपभोगबाट जनस्वास्थ्यमा हुने हानिका बारेमा आम जनतालाई निरन्तर जागरूक गर्न प्रयत्न गरे।

चिनीले मानिसको स्वास्थ्यमा कसरी खराबी गर्छ भन्ने विषयमा सन् १९७२ मा नै डा. जोन युड्किनले 'विषालु सेतो चिनी' नामक अनुसन्धानात्मक पुस्तक प्रकाशित गरेका थिए। तर, उनको यो अनुसन्धान र अनुभवलाई अमेरिकाका चिनी र चिनीजन्य गुलियो पदार्थ उत्पादन गर्ने कम्पनीले हावामा उडाउने कार्य गरेका थिए। साथै अपवाह फैलाउने कार्य हो भनेर विरोध पनि जनाएका थिए। तर हाम्रो भान्सामा दिनहुँ प्रयोग हुने यस्तो सेतो चिनी एक प्रकारको मन्द विष नै हो।

कतिपय मानिसहरू 'सेतो चिनी' राम्रो होइन तर 'खैरो चिनी' चाहिँ स्वस्थकर हो भन्ने ठान्दछन्। वास्तवमा यो कुरा बिल्कुलै सही होइन। प्रारम्भमा चिनीका बारेमा लेख्ने अनुसन्धानकर्ताले मुसामा चिनीको विभिन्न तरिकाले प्रयोग गरेर अध्ययन गरेका थिए। सो शोध अध्ययनअनुसार चिनी प्रयोग गरिएका मुसाहरूमा मुटुरोग, बिर्सने रोग र बाथको रोग बढेको पाइयो। चिनीले मानिसमा पनि विभिन्न किसिमका रोग उत्पन्न गर्ने कुरा अनुभव र अनुसन्धानले सिद्ध गरिसकेको छ।

परम्परागत भोजनशैलीमा परिवर्तन भएकाले चिनीको उपभोग धेरै भएको पाइन्छ। हामी बिहान उठेदेखि बेलुकासम्म अनेक तरिकाले चिनी उपभोग गर्छौं। उदाहरणको लागि चिया, दूध, केक, कुल्फी, विस्कुट, पाउरोटी आदिमा चिनी प्रशस्त प्रयोग भएको पाइछ। चाडबाड र देवीदेवताका प्रसादको रुपमा त झन् चिनीको मात्रा धेरै प्रयोग हुन्छ। केटाकेटीको बिहान र दिउँसोको खाजामा पनि धेरै चिनीको प्रयोग हुने भएकाले नेपाली केटाकेटीमा दाँतसम्बन्धी समस्या उच्च छ। उच्च रक्तचाप, मोटोपन, मधुमेहजस्ता समस्याहरूको एउटा प्रमुख कारकको रुपमा चिनी रहेको प्रमाणित भएको धेरै भइसकेको छ तर पनि हामी यसतर्फ त्यति सचेत भइरहेका छैनौँ।

विश्व स्वास्थ्य सङ्गठनले सन् २०१४ मा 'वयष्कलाई दैनिक पाँच चम्चाभन्दा बढी र बालबालिकालाई तीन चम्चाभन्दा बढी चिनी खान नदिनु भने पनि अहिले हाम्रो भोजनमा त्योभन्दा निकै बढी मात्रामा चिनी प्रयोग भएको पाइन्छ। सस, बिस्कुट, चाउचाउ आदि गुलियो जस्तो नलाग्ने खानामा पनि चिनी मिसाइएको हुन्छ। त्यस्तै गरी बट्टाबन्द र प्याकेटबन्द गरेको मासु, सुप, स्वस्थकर नास्ता भनिएका बट्टाका बजारे भोजन (जस्तो- मुसेली, कर्नफ्लोर) मा पनि चिनी मिसिएको हुन्छ।

तर प्रायः यो कुरा हामी वास्ता नै गर्दैनौँ, चिनी भएको थाहा नै नपाई हामी त्यसको उपभोग गरिरहेका हुन्छौँ। त्यसैगरी, हर्लिक्स, बोर्नभिटा, भिभा आदि पेयपदार्थ, लस्सी, कोक, फन्टा, पेप्सी, डिउ, मेरिन्डा, फ्रुटी, एपी, सर्बत, लस्सी आदि चिसा पेयपदार्थहरूमा अधिकमात्रामा चिनी मिश्रण हुन्छ।

# आर्थिक विकास भनेको के हो ?

● प्रभात पटनायक

सन् १७७६ मा अर्थविद् एडम स्मिथले 'राष्ट्रको धन' पुस्तक लेखे । पुस्तकमा उनले धन बढाउनुलाई राज्यको नीतिले आफ्नो अभीष्ट बनाउनुपर्ने लेखे । तर, यो लेख्दै गर्दा उनले राज्यका विभिन्न वर्गबिच आयको वितरणले कुनै अर्थ राख्दैन भनेका थिएनन् । त्यस्तै अर्का अर्थविद् थिए - डेभिड रिकार्डो । कामदारहरूको जीवनस्तर उकास्ने विषयमा उनले चासो नै नदिएको भन्न मिल्दैन । तर, स्मिथ र रिकार्डोले आयको वितरणलाई कम महत्त्व दिएको साँचो हो । राष्ट्रको आय कति ठुलो हुने भन्ने कुरा राष्ट्रको धन (पुँजी भण्डार) ले तय गर्ने हुँदा उनीहरू त्यसमा बढी केन्द्रित भए । उनीहरूको विचारमा आयको वितरण राज्यको नीतिसँग जोडिने विषय थिएन । माल्थसको जनसङ्ख्या सिद्धान्तमा विश्वास गर्ने हुनाले शास्त्रीय राजनीतिक अर्थशास्त्रले कामदारलाई बाँच्न मिल्नेसम्म ज्याला दिए पुग्छ भन्थ्यो । कामदारलाई बढी ज्याला दिए जनसङ्ख्या वृद्धि हुन्छ र त्यो स्थितिमा श्रमको आपूर्ति मागभन्दा बढी हुन्छ र ज्याला फेरि पुरानै अवस्थामा फर्किन्छ भन्ने तर्क थियो । त्यसैले आयको वितरणमा सुधार गर्ने कुरा राज्यको नीतिमा भन्दा कामदार जनताको आनीबानीमा निर्भर छ भन्ने मानिन्थ्यो । राज्यले पुँजीको भण्डार तथा त्यसबाट आउने आयलाई बढाउन सहजीकरण मात्र गर्न सक्छ भन्ने थियो ।

शास्त्रीय अर्थशास्त्रको अभीष्ट नै धन र आय बढाउनु थियो किनभने त्यसले आयको वितरणमा राज्यले एकदम थोरै मात्र गर्न सक्छ भन्ने विश्वास गर्थ्यो । राज्यले आयको वितरणलाई प्रभावित गर्ने परिस्थिति बन्छ भने पनि उसले आयको आकारमा मात्र ध्यान दिनुपर्छ अथवा आयको वितरणलाई बिगारेर यदि समग्र आयलाई बढाउन सकिन्छ भने राज्यले वितरणलाई बिगार्ने नीतिसमेत लिनुपर्छ - अर्थशास्त्रमा यो एकदम नौलो विचार हो । यो नवउदारवादी पुँजीवादको विचारधारा हो । यसको जरा शास्त्रीय अर्थशास्त्रमा पाइन्न ।

नवउदारवादी युगमा पुँजीलाई विश्वव्यापी बनाइन्छ तर श्रम देश विशेषमा सीमित हुन्छ । उच्च धनसञ्चयको लागि अन्य देशको दाँजोमा आकर्षक माहोल बनाउनुपर्छ भन्ने मानिन्छ । आकर्षक माहोलको अर्थ ज्याला घटाउनुपर्छ भन्नु हो । यसकारण, नवउदारवादी पुँजीवादलाई अङ्गीकार गर्ने देशले मजदुरविरोधी नीति अपनाउनुपर्ने हुन्छ । उच्च कुल गार्हस्थ उत्पादन (जीडीपी) बढाउनका लागि त्यस्तो देशले मजदुरको ज्याला घटाउनुपर्छ, मजदुरका हकअधिकार खोस्नुपर्छ । आर्थिक विकासलाई जीडीपी वृद्धिको आधारमा परिभाषित गर्नुलाई शास्त्रीय राजनीतिक अर्थशास्त्रले उचित मान्दैन । यो कुरा बहुसङ्ख्यक जनताको हितमा पनि छैन । यसले खालि एकाधिकार पुँजीको प्रतिनिधित्व गर्छ; अर्थात् नवउदारवादी पुँजीवादको प्रतिनिधित्व गर्छ किनभने नवउदारवादी पुँजीवादमा एकाधिकार पुँजीको हैकम चल्छ ।

जीडीपी बढाउनु नै आर्थिक विकास हो भन्ने यो विचारधाराको प्रचारप्रसार अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैङ्कजस्ता ब्रेडन वुड्स संस्थाले गरेका थिए । यो विचार मौलाएसँगै विकास अर्थशास्त्रमा सैद्धान्तिक प्रतिक्रान्ति भयो । यी संस्था त्यो प्रतिक्रान्तिका केन्द्र बने । दुःखको कुरा त के छ भने धेरै प्रगतिशील भनाउँदा अर्थशास्त्रीहरूसमेत त्यो विचारधाराको जालमा परे । शास्त्रीय अर्थशास्त्रले नै यो विचारधारा दिएको हो कि भन्ठानेर कतिपय प्रगतिशीलहरू जीडीपी बढाउनुपर्ने भाउँतोमा लागे ।

जीडीपी वृद्धि नै आर्थिक विकास हो भन्ने धारणालाई अस्वीकार गर्नु नै वस्तुपरक आलोचनात्मक सोचको पहिलो पाइला हुनुपर्छ । यसको अर्थ मुद्राकोष र विश्व बैङ्कजस्ता संस्थाले मात्र होइन दक्षिणी गोलार्द्धका सरकारहरूले समेत जसलाई आर्थिक 'सफलता' को मापदण्ड बनाएका छन्, त्यसलाई अस्वीकार गर्नुपर्छ ।

नवउदारवादी युगमा भारतका विभिन्न सरकारले जीडीपी वृद्धिलाई आर्थिक 'सफलता' को एकमात्र मापदण्ड बनाएका छन् । जीडीपीको तीव्र वृद्धिदरलाई देखाउँदै ती सरकारले नवउदारवादी अर्थनीति पहिलेको राज्यनियन्त्रित अर्थनीतिभन्दा उन्नत भएको दाबी गरेका छन् । नवउदारवादी अर्थनीति अपनाउँदा निरपेक्ष कुपोषण र आयमा असमानता ह्वात्तै बढ्यो । तैपनि, उनीहरूले नवउदारवादी अर्थनीतिको पक्ष लिइरहे । उदाहरणको लागि 'विश्व असमानता डेटाबेस' का अनुसार स्वतन्त्रताको बेला (सन् १९४७ मा) भारतका शीर्ष एक प्रतिशत धनाढ्यहरूसँग देशको कूल १२ प्रतिशत आय थियो भने सन् १९८२ मा त्यो खस्केर ६ प्रतिशत भयो । त्यो बेला भारतमा राज्यनियन्त्रित अर्थनीति अपनाइएको थियो । तर, नवउदारवादी युगमा आउँदा सन् २०२२-२३ मा भारतका शीर्ष एक प्रतिशत धनाढ्यसँग देशको कुल २३ प्रतिशत आय छ । पछिल्लो सय वर्षको आँकडा हेर्दा यो धनको सबैभन्दा उच्च केन्द्रीकरण हो ।

पूर्वयोजना आयोगले प्रत्येक व्यक्तिले दिनको औसत २२ सय क्यालोरी आहार नपाउनुलाई ग्रामीण गरिबीको मापदण्ड बनाएको थियो । यो जनसङ्ख्या सन् १९७३-७४ देखि १९९३-९४ सम्म लगभग स्थिर रह्यो । (सन् १९७३-७४ बाट भारतमा गरिबीको अध्ययन सुरु भएको थियो ।) सन् १९९३-९४ मा ५८ प्रतिशत रहेको ग्रामीण गरिबीको अनुपात सन् २०११-१२ मा बढेर ६८ प्रतिशत पुग्यो । सन् २०१७-१८ मा झन् चर्केर ८० प्रतिशत पुग्यो । यो भयावह स्थिति थियो । त्यसैले, भारत सरकारले त्यो वर्षपछि यो तथ्याङ्क निकाल्न बन्द गऱ्यो । तथ्याङ्क सङ्कलनको लागि अर्कै विधि अपनाउन थालियो ! प्रतिव्यक्ति दैनिक २१ सय क्यालोरी आहार नपाउने सहरी जनताको कुल सङ्ख्याले सहरी गरिबीको मापन गरिन्थ्यो । सन् १९९३-९४ मा ५७ प्रतिशत रहेको त्यो जनसङ्ख्या सन् २०११-१२ मा ६५ प्रतिशत पुग्यो । (उत्सा पटनायक, गरिबीको प्रश्न केलाउँदा ।) तथ्याङ्कले यसो भनिरहँदा पनि भारत सरकारले नवउदारवादी अर्थयुगमा चमत्कारी 'आर्थिक विकास' भएको दाबी गर्न छोडेको छैन !

भारत सरकारले जीडीपी वृद्धिलाई देखाएर आर्थिक विकास भइरहेको अर्थहीन दाबी गर्नुको पछाडि अर्कै कारण छ । हालै मुद्राकोषले पछिल्लो वर्ष बङ्गलादेशको प्रतिव्यक्ति जीडीपी वृद्धि भारतको भन्दा थोरै बढी भएको अनुमान गऱ्यो । आर्थिक विकासको मापदण्डअनुसार बङ्गलादेश आज भारतभन्दा अलि बढी विकसित छ । तैपनि, प्रधानमन्त्री मोदीदेखि लिएर तल्लो तहका हिन्दुत्ववादीहरूसमेत लेघ्रो तान्दै भारतमा बङ्गलादेशी घुसपैठ भएको बताउँदै छन् । कतिपयले त घुसपैठियाहरूलाई बङ्गलादेशमै 'धपाउनुपर्ने' माग गर्दै छन् । यहाँनिर प्रश्न उठ्छ - बढी विकसित देशबाट कम विकसित देशमा किन कसैले ठुलो सङ्ख्यामा घुसपैठ गर्ला ? अथवा, विकासको उही स्थितिमा रहेको एउटा देशबाट अर्को देशमा मानिसहरूले किन बसाइँ सर्लान् ? यसको दुई अर्थ लाग्छ । कि त भारतमा बङ्गलादेशबाट ठुलो सङ्ख्यामा घुसपैठ भएको हिन्दुत्ववादीहरूको दाबी गलत छ । नत्र प्रतिव्यक्ति जीडीपीलाई आर्थिक विकासको मापदण्ड मान्ने सरकारहरूको दाबी अपुरो वा खोटो छ ।

यस्तो स्थितिमा अर्को प्रश्न उठ्छ - आर्थिक विकासको सूचकाङ्क के हुनुपर्ला ? यसको जवाफबारे हामी यहाँ चर्चा गर्दैनौं । बरु उदाहरणको रूपमा एउटा स्वाभाविक सूचकाङ्क प्रस्तुत गर्छौं । यो सूचकाङ्क ब्रेटन वुड्स संस्थाहरूले जोड दिने र भारत सरकारले स्वीकार गर्ने प्रतिव्यक्ति जीडीपीभन्दा गतिलो छ । लोकतान्त्रिक संविधानयुक्त देश वा बहुसङ्ख्यक जनताको हातमा राजनीतिक सत्ता अन्तर्निहित हुने देशहरूमा जनतालाई आर्थिक रूपमा सबल बनाउने समानान्तर प्रक्रिया चलाइनुपर्छ; यो नै आर्थिक विकासको मूल मर्म बन्नुपर्छ । सारा देशवासीको 'औसत वास्तविक आय' को दाँजोमा बहुसङ्ख्यक कामदार जनताको 'औसत वास्तविक आय' यस्तो आर्थिक सबलीकरणको गतिलो सूचकाङ्क बन्न सक्छ । सारा जनतालाई हिसाब गर्दा शीर्ष १ प्रतिशत वा शीर्ष १० प्रतिशत धनाढ्यहरू तथा बाँकी जनताबिच पुँजीवादले गर्दा बढिरहेको विशाल असमानता ढाकिन सक्छ ।



कामदार जनताको औसत वास्तविक आयको अनुमान गर्दा कैयन् चुनौती आउन सक्छन् । तर, यी चुनौती पन्छाउन सकिन्छ । सुरुमा निम्नतम ८०-९० प्रतिशत जनताको 'औसत वास्तविक आय' मा आएको वृद्धिलाई देशको आर्थिक विकासको सूचकाङ्कको रूपमा लिन सक्छौं । एउटा उदाहरणबाट यसलाई बुझ्न सकिन्छ । जस्तो, सन् १९८२ देखि २०२२-२३ बिच ४० वर्षमा वास्तविक राष्ट्रिय आयको औसत वार्षिक वृद्धिदर ६.५ प्रतिशत छ र 'विश्व असमानता डेटाबेस' ले अनुमान गरेको आयको वितरणलाई सही मान्ने हो भने शीर्ष एक प्रतिशत धनाढ्यहरूको प्रतिव्यक्ति वास्तविक आयमा भएको वार्षिक वृद्धिदर ५.५ प्रतिशत हुन्छ र बाँकी ९९ प्रतिशत जनताको वृद्धिदर १.५ प्रतिशत हुन्छ; यति नै बेला सारा जनताको औसत वृद्धिदर भने २ प्रतिशत हुन्छ । १.५ र ५.५ प्रतिशतबिच स्पष्ट देखिने खाडलले विकासको सूचकाङ्कको रूपमा जीडीपी वृद्धिदर कति भ्रामक हुन्छ भन्ने पुष्टि गर्छ ।

जनतालाई राजनीतिक रूपमा सबल बनाउने संविधानको शपथ खानु र जनतालाई आर्थिक रूपमा निर्बल बनाउने अर्थव्यवस्था चलाउनु विरोधाभाषपूर्ण छ । यो अन्तर्विरोधलाई हल गर्न कामदार जनताको औसत वास्तविक आयमा आएको वृद्धिलाई विकासको सूचकाङ्क बनाउनुपर्छ ।

संविधान जारी गर्ने बेला भारतको संविधानका रचयिता बीआर अम्बेडकरले संविधानसभामा आफ्नो अन्तिम मन्तव्य राखेका थिए । मन्तव्यमा उनले यही अन्तर्विरोधतर्फ सबैको ध्यान तानेका थिए; यो अन्तर्विरोध हल नगरेसम्म राजनीतिक लोकतन्त्र/प्रजातन्त्र सधैं सङ्कटमा परिरहने चेतावनी दिएका थिए । यो चेतावनी सोऱ्है आना साँचो थियो । देशको सार्वजनिक बहसमा आर्थिक विकाससम्बन्धी उपयुक्त मान्यता स्थापित गर्नु नै यो अन्तर्विरोधलाई हल गर्न चाल्नुपर्ने पहिलो पाइला हो ।

***(स्रोत : एमआर अनलाइन । सम्यक)***

# पुरानो विचारकालाई शिक्षित गर्नु आवश्यक

नगरको पुनः निर्माणबारे स-साना विषयमा समेत ध्यान दिनुपर्ने विषयमा छलफल आवश्यक छ । केही मानिस सहरको विकास गर्न एउटै जात, भाषा र धर्म भए पुग्ने कुरामा जोड दिन्छन् । के त्यो सत्य हो ?

मानव समाजको घुमन्तु जाति र बस्ती विकास गरिसकेको जातिमा भिन्नता थियो । जात-जातिहरूबिच सिकार क्षेत्र, वनजङ्गल, फलफूल र नदी - नालाको क्षेत्रबारे पनि लडाइँहरू भए होलान्; लडाइँमा विजयी र पराजित नै मालिक र दास भए । यसरी दास युगको विकास भयो होला !

दासहरूको श्रमबाट नै राज्यसत्ता र नगर राज्यहरूको विस्तार भयो । एकपछि अर्को वर्गको विकास भयो । खेतीपातीमा लाग्ने दासहरू र घर-पर्खाल, बाटो-घाटो, पुल एवम् मन्दिरको निर्माण गर्ने दासहरू छुट्टाछुट्टै भए । हारेको समूहका दासहरूको जात र भाषा अर्कै हुन्थ्यो; यसप्रकार एउटै नगर राज्यमा विभिन्न जातजाति र वर्गको विकास भयो । चित्रकार, लेखनदास, भजनदास, किनिएका दास आदि विभिन्न किसिमका पेसाका दास-दासी भए; तिनीहरू नै कालान्तरमा 'दलित' भए । मालिकको राम्रो भक्ति गर्ने र सङ्घर्षबाट खारिएका एवम् सङ्गठनकर्ता दास र दलितमध्ये केही सामाजिक ओहदाको खुड्किलो चढ्न सफल भए; तिनीहरू नै लेखनदास र भजनदास भए ।

दास विद्रोहहरूबाट समाजमा खैलाबैला बढ्यो । दास मालिकहरूमा पनि कडा, नरम र बिचको दृष्टिकोण भएका देखिए । विद्रोही दासहरूलाई मालिकहरूले खसीबोकालाई जस्तै मार्ने गरेको हुनाले दास विद्रोहहरू भए । राज्यका शासकहरूको निम्ति शासन चलाउन दासहरूको आवश्यकता थियो । दास मालिकहरू शासकहरूकै हातखुट्टा थिए । यसकारण, पाँच जना मार्न पाउने बन्दोबस्त हटाएर दासलाई मार्न नपाउने बन्दोबस्त गरियो । हुँदाहुँदा दासको टाउकोमा प्रहार गर्न नपाउने व्यवस्था गरियो । जग्गाको एक भाग भूमि दासलाई दिएर वा उब्जनीको ४ भागको एक भाग दासलाई दिएर अर्ध-दास बनाई खेत र खलियानमा पठाइयो । तिनै अर्ध-दास वा जोताहाहरू पछि मोहियानी हक पाउने किसान भए ।

तर, नेपालको पश्चिम र ठाउँ-ठाउँका जोताहाहरू तथा हरूवा - चरुवालाई मोहियानी हक नदिई 'कमैया मुक्ति' को नाम दिएर तिनीहरूलाई राख्ने बहानामा मालिकहरूले जङ्गल फडानी गरेर भारतमा काठ बेच्ने एजेन्टमार्फत रकम कुम्ल्याउन थाले । पछि ती कमैयाहरूलाई भूमिपति मालिकहरूले आफ्नै अधीनमा राख्न थाले र शोषण गर्न थाले । यस हिसाबले आजसम्मका सबै शासक दलहरू अर्थात् नेका, एमाले, माओवादी केन्द्र, समाजवादी दलहरू, तराईवादीलगायत पुँजीवादी दलहरू दास मालिक, किसानमारा सामन्त र जमिनदार वर्गमा पर्छन् । देशभित्रका मजदुरहरूको शोषण गर्नेहरू तथा विदेशमा पठाइएका युवा श्रमिकहरूको शोषण गर्ने म्यानपावर कम्पनीहरू सबै पुँजीवादी शोषकहरू हुन् । ती श्रमिक जनताका शत्रु हुन् ।

अहिले नेपाली जनताका शत्रुहरू संरा अमेरिका, बेलायत र भारतका शासकहरू नै हुन् । तर, संरा अमेरिका, बेलायत र भारतका कामदार जनता सबै नेपाली जनताका मित्र हुन् । नेपालका सबै कर्मचारी, सिपाहीं, प्रहरी, गुप्तचर विभाग र परराष्ट्र मन्त्रालयसँग सम्बन्धित देशका सबै आयोग तथा नियोगका कर्मचारीहरूलाई पनि यस वर्गभेदबारे शिक्षित गर्नु आवश्यक छ ।

२०४५ सालको 'भक्तपुर काण्ड' पछि का. रोहितले राजा वीरेन्द्रसँग प्रश्न गर्नुभएको थियो, "पृथ्वीनारायण शाहले काठमाडौं कब्जा गरेको २२५ वर्षपछि पनि के हामी विदेशी नै हौं ?" त्यसको अर्थ हो- सिंहदरबार, सेना, प्रहरी आदि सबै सरकारी अङ्गहरूमा देशका विभिन्न जातजाति, भाषाभाषी र कामदारवर्गको उपस्थिति छैन । ती हरेक क्षेत्रमा भेदभाव छ । सङ्घ, राज्य, प्रदेश र स्वायत्तता एवम् विकेन्द्रीकरणको सिद्धान्तको आधारमा त्यस्ता सबै भेदभावको अन्त्य गर्न पहिले सबै प्रकारका सरकारी कर्मचारीहरूलाई तिनले व्यापक दृष्टिकोण राखून् भनी शिक्षित गर्नु आवश्यक छ ।

*१० साउन २०७९ (26 July 2022)*

*स्रोत : सम्पादकीय सङ्कलन (तेस्रो खण्ड)*



क्यारिबियाली सागरमा क्युवातर्फ अघि बढेको परमाणु अस्त्र तथा युद्धकविमानवाहक अमेरिकी युद्धपोत यूएसएस निमिट्ज मे २०, २०२६ का दिन । क्यारिबियाली सागरमा अमेरिकी युद्धपोतहरूको आगमनले समाजवादी देश क्युवामाथि अमेरिकी आक्रमण र त्यस क्षेत्रमा युद्धको तनाव चुलिएको छ ।

*तस्विर : ईएफई/टेलिसुर*

# इरान–अमेरिका संवादमा पाकिस्तानको मध्यस्थता

तेहरान, ७ जेठ (सिन्ह्वा) । इरानले संयुक्त राज्य अमेरिकासँग सन्देश आदानप्रदानको प्रक्रिया पाकिस्तानमार्फत निरन्तर जारी रहेको जनाएको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले तेहरानले अमेरिकाबाट प्राप्त पछिल्ला प्रस्ताव तथा धारणा अध्ययन गरिरहेको जानकारी दिएका हुन् । सरकारी टेलिभिजनसँगको अन्तर्वार्तामा उहाँले पाकिस्तानका गृहमन्त्री मोहसिन नक्भीको तेहरान भ्रमणले दुवै पक्षबिच आदानप्रदान भएका मस्यौदा प्रस्तावहरूबारे स्पष्टता ल्याउन र संवादलाई सहज बनाउन भूमिका खेलिरहेको बताउनुभयो ।

इरानले लेबनानलगायत सबै क्षेत्रमा युद्ध अन्त्य गर्न केन्द्रित रहेको उल्लेख गर्दै आफ्ना जफत सम्पत्ति फुकुवा गर्नुपर्ने, समुद्री मार्गमा अमेरिकाले गरेको हस्तक्षेप अन्त्य हुनुपर्ने तथा इरानी जहाजमाथिका शत्रुतापूर्ण गतिविधि रोक्नुपर्ने माग राखेको छ । बघाईका अनुसार इरानले सद्भाव र गम्भीरताका साथ कूटनीतिक प्रक्रिया अघि बढाए पनि विगतका घटनाका कारण वाशिङ्टनप्रति गहिरो अविश्वास कायम रहेको छ ।

इरानले ओमानसँगको सहकार्यमा होर्मुज जलडमरू क्षेत्रमा दीर्घकालीन सुरक्षा सुनिश्चित गर्ने संयन्त्र निर्माण गर्न चाहेको पनि जनाएको छ । साथै, समुद्री यातायात सुरक्षित बनाउन तटीय राष्ट्रहरूसँग सहकार्य गरी आवश्यक प्रोटोकल विकास गर्न आफू तयार रहेको इरानको भनाइ छ ।

इरानी वार्ता टोलीनिकट स्रोतलाई उद्धृत गर्दै स्थानीय समाचार संस्थाले अमेरिकाले पाकिस्तानमार्फत नयाँ मस्यौदा प्रस्ताव पठाएको जनाएको छ । केही दिनअघि इरानले १४ बुँदे प्रस्ताव अमेरिकासमक्ष पेश गरेको थियो । हाल पाकिस्तानले दुवै पक्षका प्रस्तावलाई नजिक ल्याउने प्रयास गरिरहेको भए पनि अन्तिम सहमति भने भइसकेको छैन ।

यसैबिच, इरानी राष्ट्रपति मसुद पेजेशकियनले सामाजिक सञ्जालमार्फत इरानले सधैँ आफ्ना प्रतिबद्धता पालना गरेको र युद्ध टार्ने प्रयास गरेको बताउनुभयो । उहाँले दबाब र बल प्रयोगमार्फत इरानलाई झुकाउन सकिने सोच भ्रम मात्र भएको उल्लेख गर्नुभएको छ ।

इरान, अमेरिका र इजरायलबिच गत अप्रिल ८ मा युद्धविराम भएपछि पाकिस्तानको राजधानी इस्लामाबादमा वार्ता भएको थियो । तर उक्त वार्ताबाट कुनै ठोस सहमति निस्कन सकेको थिएन । युद्धपछि इरानले होर्मुज जलडमरूमा नियन्त्रण कडा बनाउँदै अमेरिका र इजरायलसँग सम्बन्धित जहाजहरूको आवागमनमा रोक लगाएको थियो भने वार्ता असफल भएपछि अमेरिकाले पनि समुद्री नाकाबन्दी लागू गरेको जनाएको छ ।

# उत्तर भारतमा भीषण गर्मीले जनजीवन प्रभावित

नयाँदिल्ली, ७ जेठ (एपी) । उत्तर भारतमा चर्किएको अत्यधिक गर्मीको लहरले दैनिक जनजीवन अस्तव्यस्त बनाएको छ । दिनको समयमा सडक र बजारहरू प्रायः सुनसान बनेका छन् भने किसानदेखि व्यापारीसम्मले असह्य तापक्रमबाट बच्न आफ्नो काम गर्ने समय नै राततर्फ सार्न बाध्य भएका छन् । तापक्रम निरन्तर बढ्दै जाँदा भारतका धेरै भागमा जीवनशैलीमै ठूलो परिवर्तन देखिएको छ ।

भारतको मौसम विभागले राजधानी नयाँदिल्लीमा बिहीबार अधिकतम तापक्रम करिब ४५ डिग्री सेल्सियस (११३ फरेनहाइट) पुग्ने पूर्वानुमान गरेको छ । अत्यधिक गर्मीको जोखिमलाई ध्यानमा राख्दै अधिकारीहरूले नागरिकलाई राहत दिन विभिन्न स्थानमा अस्थायी 'कुलिङ जोन' स्थापना गरेका छन् । त्यस्ता ठाउँमा मानिसहरूले केही समय शीतल वातावरणमा बिताउन सक्ने व्यवस्था गरिएको छ ।

मौसम विभागले आगामी दिनहरूमा उत्तरी क्षेत्रका धेरै स्थानमा तापक्रम मौसमी औसतभन्दा अझै माथि रहने चेतावनी दिएको छ । अधिकारीहरूले विशेषगरी दिउँसोको अत्यधिक गर्मीमा घरभित्रै बस्न, अनावश्यक बाहिर ननिस्कन र गर्मीजन्य स्वास्थ्य समस्या रोक्न आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन् ।

भारतमा मैदानी क्षेत्रमा तापक्रम ४० डिग्री सेल्सियस (१०४ फरेनहाइट) र पहाडी क्षेत्रमा ३० डिग्री सेल्सियस (८६ फरेनहाइट) वा सोभन्दा बढी पुगेको अवस्थालाई गर्मीको लहर (हीटवेभ) घोषणा गरिन्छ ।

भीषण गर्मीले विशेषगरी उत्तर प्रदेशसहित उत्तर भारतका धेरै राज्यहरूमा जनजीवन ठप्प जस्तै बनाएको छ । दिउँसोको समयमा सडक र बजारहरू बन्दजस्तै भएका छन् भने मानिसहरू घरभित्रै बस्न बाध्य भएका छन् । दिउँसोको तापक्रम असहनीय बनेसँगै केही व्यापारीहरूले कामको समय बिहानतर्फ सार्न थालेका छन् भने किसानहरूले पनि खेतमा काम गर्ने समय राति सार्न थालेका छन् ।

शिक्षा क्षेत्रमा पनि गर्मीको असर गहिरो देखिएको छ । विभिन्न स्थानका अधिकारीहरूले विद्यालयहरूमा गर्मी बिदा घोषणा गरेका छन् र कक्षाहरू स्थगित गरिएको छ । यसैबिच, मङ्गलबार बान्दा सहरमा अधिकतम तापक्रम ४८.२ डिग्री सेल्सियस (११८.८ फरेनहाइट) पुगेको थियो । यो यस वर्षको अत्यधिक उच्च रेकर्डमध्ये एक हो ।

स्वास्थ्य अधिकारीहरूले नागरिकलाई विशेष सतर्कता अपनाउन आग्रह गरेका छन् । उनीहरूले दिउँसोको अत्यधिक घाममा बाहिर ननिस्कन, पर्याप्त मात्रामा पानी पिउन र चक्कर लाग्ने, अत्यधिक थकान वा उच्च ज्वरोजस्ता लक्षण देखिएमा तुरुन्तै चिकित्सा सहायता लिन सुझाव दिएका छन् ।

राजधानी नयाँदिल्लीमा समेत राहतका उपायस्वरूप विभिन्न स्थानमा शीतलन आश्रय (कुलिङ शेल्टर) स्थापना गरिएको छ । यी स्थानहरूमा एयर कुलर, पङ्खा, पिउने पानी र मौखिक पुनर्जलीकरण झोल (ओआरएस) उपलब्ध गराइएको छ, जसले नागरिक र पर्यटकलाई केही राहत दिएको छ । बुधबार एउटा शीतलन टेन्टभित्र मानिसहरू एयर कुलरको छेउमा बस्दै गर्मीबाट राहत लिइरहेका देखिएका थिए । त्यहाँ अधिकारीहरूले नुन मिसाइएको पानी वितरण गरिरहेका थिए ।

त्यहाँ आएका २५ वर्षीय पर्यटक बशारत अहमद मल्लाले आफ्नो अनुभव सुनाउँदै अत्यधिक गर्मीका कारण बाहिर घुम्न गाह्रो भएको बताउनुभयो । उहाँका अनुसार शीतलन केन्द्रले केही समयका लागि भए पनि सहजता प्रदान गरेको छ ।

जलवायु विज्ञहरूका अनुसार भारतमा देखिएको यो बढ्दो तापक्रम केवल मौसमी अवस्था मात्र नभई विश्वव्यापी जलवायु परिवर्तनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ । पछिल्ला वर्षहरूमा भारतले बारम्बार अत्यधिक गर्मीका लहरहरूको सामना गर्दै आएको छ र पछिल्लो दशक देशकै सबैभन्दा तातो दशकमध्ये एक रहेको तथ्याङ्कले देखाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय जलवायु प्रतिवेदनसँग सम्बन्धित तथा पुणेस्थित फ्लेम विश्वविद्यालयका सार्वजनिक नीति प्राध्यापक अञ्जल प्रकाशका अनुसार मानव-सिर्जित जलवायु परिवर्तनका कारण भारतको तापक्रम उल्लेखनीय रूपमा बढिरहेको छ । उहाँका अनुसार उत्तरपश्चिम भारत अन्य क्षेत्रको तुलनामा अझ तीव्र रूपमा तातिरहेको छ ।

उहाँले भारत गर्मीको मौसमसँग केही हदसम्म अभ्यस्त भए पनि जलवायु परिवर्तनले चरम र व्यापक स्तरका गर्मीका घटनाहरूलाई अझ तीव्र बनाइरहेको बताउनुभयो ।

जनस्वास्थ्य क्षेत्रका अध्ययनहरूले सन् २००८ देखि २०१९ सम्म प्रत्येक वर्ष औसत एक हजार ११६ जनाको मृत्यु गर्मीका कारण भएको देखाएको छ । तर विज्ञहरूका अनुसार वास्तविक सङ्ख्या अझ धेरै हुन सक्ने अनुमान छ । धेरै अवस्थामा मृत्यु प्रमाणपत्रमा गर्मीलाई प्रत्यक्ष कारणका रूपमा उल्लेख नगरेका कारण वास्तविक तथ्याङ्क आधिकारिक रूपमा कम देखिने गरेको छ ।

# तेहरानले शान्तिका लागि पछिल्लो अमेरिकी प्रस्तावको समीक्षा गरिरहेको छ : इरानी विदेश मन्त्रालय

तेहरान, ७ जेठ (एएनआई) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई शान्ति सम्झौतामा प्रतिबद्ध हुन धम्की दिँदै गर्दा मध्यपूर्वमा द्रुतगतिको कूटनीतिक घटनाक्रम जारी रहेको जनाइएको छ ।

इरानीको सरकारी समाचार एजेन्सी नूर न्यूजले बिहीबार विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईलाई उद्धृत गर्दै इरानले अमेरिकी विचारहरू प्राप्त गरिसकेको र यसको समीक्षा गरिरहेको जनाएको छ ।

अमेरिकी पक्षले आफ्नमो प्रस्ताव पाकिस्तानी मध्यस्थकर्ताहरूमार्फत पठाइएको तेहरानले बताएको छ । इरानको विदेश मन्त्रालयका अनुसार पाकिस्तानले तेहरान र वासिङ्टनबिच सन्देश आदान-प्रदानमा मध्यस्थता जारी राखेको छ भने इरानको मुख्य १४ बुँदे शान्ति योजनाको आधारमा धेरै चरणको सञ्चार भएको जनाइएको छ ।

पछिल्लो चरणको बैठकमा इरानका राष्ट्रपति मसूद पेजेस्कियनले बुधबार पाकिस्तानी अधिकारी मोहसेन नकवीसँग भेटवार्ता गरेको जनाइएको छ । पछिल्लो क्षेत्रीय घटनाक्रम र द्विपक्षीय सम्बन्धको समीक्षा गर्दै उनीहरूले इरान र अमेरिकाबिचको वार्ताको पछिल्लो स्थिति , सम्झौताहरू र कूटनीतिक परामर्शका प्रक्रियामा छलफल र विचार आदान-प्रदान गरेको जनाइएको छ ।

यस अवधिमा पाकिस्तानी सेना प्रमुख असीम मुनीर इरान जाने कार्यक्रम रहेको कारण ठोस सम्झौता हुन सक्ने सम्भावना रहेको यसअघि नै बताइएको थियो ।

यसैबिच पाकिस्तानी अधिकारीसँगको वार्तामा इरानी राष्ट्रपतिले इरान-अमेरिका वार्तासँग सम्बन्धित पछिल्लो क्षेत्रीय घटनाक्रम र कूटनीतिक परामर्शको प्रक्रियाको समीक्षा गर्दै स्थिरता र रचनात्मक क्षेत्रीय अन्तरक्रियालाई समर्थन गर्ने पाकिस्तानी सरकारको प्रयासको प्रशंसा गर्ने भएको छ ।

यसैबिच नीति तथा क्षेत्रिय सुरक्षा सल्लाहकारका उप प्रमुख स्टीफन मिलरले इरानसँग अमेरिकाको शान्ति प्रस्तावमा सहमत हुने वा अमेरिकी सेनाबाट सजायको सामना गर्ने भन्ने विषयमा सोचेर निर्णय लिने अवस्था रहेको फक्स न्यूजसँग बताएका छन् ।

पछिल्लो समयमा मध्यपूर्वको अवस्था नयाँ द्वन्द्वको किनारमा पुगेको छ भने विश्व समुदायले परिस्थितिलाई बिगार्ने खालका थप सम्झौता बन्द गर्न दबाब दिइरहेका छन् ।

# बेलायतमा जलवायु सङ्कट गहिरिँदै, पूर्वाधार विस्तारमा जोड

बेलायत, ७ जेठ (एएफपी) । हालैका वर्षहरूमा जलवायु परिवर्तनका असरहरू अत्यन्त तीव्र बन्दै गएका छन् । बेलायतमा अहिलेसम्मकै उच्च तापक्रम, विनाशकारी बाढी तथा लामो समयसम्मको खडेरीका घटनाहरू लगातार बढिरहेका छन् । विज्ञहरूका अनुसार मौसमसम्बन्धी यस्ता चरम घटनाहरू अब असामान्य नभई नियमित बन्दै गएका छन् ।

सन् १८८४ देखि तापक्रमको अभिलेख राख्न सुरु भएयता बेलायतका सबैभन्दा तातो पाँच वर्षमध्ये पछिल्ला पाँचमध्ये चार वर्ष परेका छन् । त्यस्तै, अहिलेसम्मकै सबैभन्दा बढी गर्मी भएका १० वर्ष सबै पछिल्ला दुई दशकभित्रका मात्र रहेका छन् । यसले जलवायु परिवर्तनको गति तीव्र रूपमा बढिरहेको स्पष्ट सङ्केत दिएको वैज्ञानिकहरूले बताएका छन् ।

बेलायत सरकारलाई जलवायु नीतिसम्बन्धी सुझाव दिने जलवायु परिवर्तन समितिले आफ्नो चौथो प्रतिवेदनमा केवल तापक्रम वृद्धि नियन्त्रण गर्ने प्रयास मात्र पर्याप्त नहुने जनाएको छ । समितिका अनुसार अब बेलायतले जलवायु परिवर्तनका प्रत्यक्ष असरहरूको सामना गर्न पूर्वतयारीलाई पनि उच्च प्राथमिकता दिनुपर्छ ।

सन् २०१५ मा भएको पेरिस जलवायु सम्झौतामा विश्वका देशहरूले पृथ्वीको तापक्रम वृद्धिलाई २ डिग्री सेल्सियसभन्दा कममा सीमित गर्ने तथा सम्भव भएसम्म १ दशमलव ५ डिग्रीभित्र राख्ने प्रतिबद्धता जनाएका थिए । तर वैज्ञानिकहरूका अनुसार मानव गतिविधिका कारण बढिरहेको हरितगृह ग्यास उत्सर्जनले यो लक्ष्य हासिल गर्न झन् कठिन बनाइरहेको छ ।

समितिले प्रतिवेदनमार्फत कामदारहरूको सुरक्षाका लागि कार्यस्थलमा अधिकतम तापक्रम सीमा निर्धारण गर्न सरकारलाई सुझाव दिएको छ । अत्यधिक गर्मीका कारण कामदारहरूको स्वास्थ्यमा गम्भीर असर पर्ने भएकाले कानुनी व्यवस्था आवश्यक रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

त्यसैगरी, अत्यधिक गर्मीबाट जोगिन चिस्यान दिने उपकरणहरूको विस्तार गर्न, घर तथा कार्यालयहरूमा ताप नियन्त्रण प्रणाली जडान गर्न, बाढी नियन्त्रणका लागि तटबन्ध तथा सुरक्षा संरचना निर्माण गर्न र पानीको अभाव रोक्न नयाँ जलाशय निर्माणमा लगानी बढाउन सुझाव दिइएको छ ।

हाल बेलायतमा कार्यस्थलभित्र अधिकतम तापक्रमसम्बन्धी कुनै स्पष्ट कानुनी व्यवस्था छैन । समितिले स्पेनको उदाहरण दिँदै त्यहाँ कार्यालयभित्रको तापक्रम २७ डिग्री सेल्सियसभन्दा बढी हुन नपाउने कानुनी प्रावधान रहेको उल्लेख गरेको छ ।

प्रतिवेदनले जलवायु सङ्कटसँग जुध्न सरकारलाई अझ बढी महत्त्वाकांक्षी नीति लिन आग्रह गरेको छ । समितिका अनुसार आवश्यक पूर्वाधार निर्माण, बाढी नियन्त्रण, पानी व्यवस्थापन तथा ताप नियन्त्रण प्रणाली विस्तारका लागि सार्वजनिक र निजी क्षेत्रबाट वार्षिक करिब ११ अर्ब पाउन्ड बराबरको लगानी आवश्यक पर्ने अनुमान गरिएको छ ।

बेलायतले सन् १९९० को तुलनामा सन् २०३५ सम्म हरितगृह ग्यास उत्सर्जन कम्तीमा ८१ प्रतिशतले घटाउने लक्ष्य लिएको छ । साथै, यो शताब्दीको मध्यसम्ममा पूर्ण रूपमा कार्बनतटस्थ राष्ट्र बन्ने उद्देश्य पनि तय गरिएको छ ।

विशेषज्ञहरूले समयमै प्रभावकारी कदम नचालिए भविष्यमा अझ घातक गर्मी, ठूलो बाढी, खाद्य सङ्कट तथा पानी अभावजस्ता समस्या बढ्न सक्ने चेतावनी दिएका छन् ।

# बेलायती साम्राज्यवादको अगाडि नझुक्ने जनरल भीमसेन थापा

✍ निसान

कुनै बेला सूर्य नअस्ताउने देशको रूपमा ब्रिटेनलाई चिनिन्थ्यो । त्यो देश सानो भए पनि त्यसबेला शक्तिशाली थियो । त्यो देशले अनेक बहानामा हस्तक्षेप र हमला गरेर विश्वमा आफ्नो साम्राज्य फैलाएको थियो । साम्राज्य फैलाउने क्रममा व्यापारको बहानामा इजिप्ट हुँदै भारतलगायत दक्षिण एसियामा पस्यो । भारतमा त्यसले २ सय वर्षसम्म उपनिवेश जमाएर शासन गर्‍यो । बेलायती साम्राज्यवादले भारतमा उपनिवेश जमाएपछि नेपालमाथि आँखा गाड्यो । देशभक्त र चतुर प्रधानसेनापति जनरल भीमसेन थापाले आफ्नो गोप्य सूत्रमार्फत नेपालमाथि पनि आक्रमण गर्ने सूचना प्राप्त गरे । उनले नेपाललाई जोगाउन बेलायती साम्राज्यवादलाई एसियाबाटै भगाउने योजना बनाए ।

त्यस रणनीति या योजनाअनुसार उनले तिब्बत, चीन, भारतका विभिन्न राज्य, बर्मा, बङ्गलादेश थाइल्यान्ड, कम्बोडिया, पर्सिया, इरान आदि एसियाली देशहरूलाई सहयोगको लागि गुप्त चिठी पठाए । तर, भारतको ग्वालियरका राजाले आफू बेलायती आक्रमणबाट बच्न, अङ्ग्रेजहरूबाट जस पाउन विश्वासघात गरे । त्यो गोप्य चिठी उनले बेलायती साम्राज्यवादहरूको हातमा पुर्‍याइदिए । उनले नेपालको विरुद्ध ब्रिटिश सरकारलाई ३ करोड रूपैयाँ सहयोग गरे । पछि त्यो विश्वासघातीलाई पनि अङ्ग्रेजले छोडेन । त्यसैको परिणाम पछि भीमसेन थापा बेलायती साम्राज्यवादको षड्यन्त्र र यहाँका



देशद्रोही पाँडेहरूको सत्ता स्वार्थ र जालसाजीको कारण पदच्युत भए । युवराजलाई विष खुवाएर हत्या गरेको निहुँ बनाएर १८३९ मा उनलाई कैद गरियो । भीमसेन थापाले खोरमै आत्महत्या गरे भनियो तर, उनी त्यस्तोखाले कमजोर मानिस थिएनन् । विदेशी दानापानी खाएका लेखक, इतिहासकारहरूले लेखेको यो गलत इतिहास र पुस्तक पढाइँदै छ । इतिहास जित्नेको हुन्छ हार्नेको हुँदैन भनेर त्यसै भनिएको होइन । एसियाबाटै लखेट्ने योजना या रणनीतिक हितको एसियाली देशहरूलाई सहयोग गर्न लेखेको गोप्य चिठी हात परेको र संसारमै साम्राज्य फैलाउन अगाडि बढेको ब्रिटिश साम्राज्यवादी शक्तिले पहिलो मार सानो देश नेपालमै पाएको थियो । त्यसैले भीमसेन थापा बेलायती साम्राज्यवादको लागि खतरनाक देशभक्त भए । बेलायती साम्राज्यवादले उनको अन्त्य नभएसम्म शान्तसँग बस्न पाइँदैन, साम्राज्य फैलाउन पाइँदैन भनी सोचे । त्यसैले उनको हत्या या मृत्यु भएको प्रमाणित गर्न उनको टाउको ल्याउनेलाई पुरस्कारसहितको उर्दी जारी गरियो ।

वीर योद्धा भीमसेन थापाको यस्तै जीवनका नागबेली इतिहासका लेखक चिन्तरञ्जन नेपालीद्वारा लिखित पुस्तकको नाम हो, जनरल भीमसेन थापा र तत्कालीन नेपाल । लेखक स्वयंले यो पुस्तकमा नेपालको इतिहास सही ढङ्गले तयार हुन सकेको छैन भनी लेख्दा अवश्य पनि हामीलाई गहिरो चोट लाग्छ । उनले नेपाली इतिहासको भण्डारमा नेपाली देशभक्त इतिहासकारको होइन विदेशी इतिहासकारहरूको पुस्तक थुप्रेकोमा चित्त दुखाएका छन् । त्यसैले नेपाली जनताले भीमसेन थापाको हत्या होइन आत्महत्या भनी पढ्न बाध्य पारिएको छ ।

भारदारहरूको जालले गद्दी छोडेका रणबहादुर शाह, जेठी महारानी राज्यश्वरी र गीर्वाणयुद्धलाई नुवाकोट लगी दामोदर पाँडेले त्यहींबाट केही महिना शासन चलाए । त्यसपछि अङ्ग्रेज र पाँडेको जालझेल र षड्यन्त्रका कारण रणबहादुर शाह महारानीको अतिरिक्त भीमसेन थापा र दलभञ्जन पाँडेको साथमा काशी गए । शाहले त्यहाँ भीमसेन थापाको सल्लाहमा देशघाती, देशद्रोही दामोदर पाँडेहरूको जालझेलमा आफ्ना गुप्त सूचनामार्फत निगरानी र त्यसविरुद्ध काम गर्दै गए । रणबहादुर शाह पाटनबाट उम्केर बनारस पुगेपछि दामोदर पाँडेले गजराज मिश्रको सल्लाहमा मिश्रलाई पटना पठाई अङ्ग्रेज कम्पनी सरकारसँग व्यापार सन्धि गरे । अङ्ग्रेज सरकारद्वारा रणबहादुर शाह र भीमसेन थापालगायतलाई नजरबन्द वा कैद गराइयो । यसरी दामोदर पाँडेको जालबाट आफूहरू अङ्ग्रेज कम्पनी सरकारको बन्दी बनाइएपछि आफ्ना चतुर राजनीतिक सल्लाहकार भीमसेन थापाको सल्लाहमा नेपालबाट अङ्ग्रेजलाई निकाल्न र कैदबाट मुक्त गर्न नेपालमा भाइ शेरबहादुर शाहलाई पत्र लेखी पठाइयो । भीमसेन थापा आफैले पनि नेपालमा अङ्ग्रेज आएर बस्नु असल कुरा होइन भनी उक्त बन्धन तोड्न नेपालमा रहेका बखतावरसिंहलाई पत्र लेखी पठाएका थिए । त्यसलाई भरपर्दो र सशक्त ढङ्गले तोड्न जेठी महारानीलाई पनि नेपाल पठाइयो । दामोदर पाँडेहरूको अनेक विरोधको सामना गरी अङ्ग्रेजसँगको सन्धिलाई कमजोर पारेर नजरबन्द हटाउन उनी सफल भइन् । अङ्ग्रेज सरकारको नजरबन्दबाट मुक्त भएपछि रणबहादुर शाह आफ्ना दलबलसहित, नेपाल आउन लागेको समाचारबाट आत्तिएर बिचैमा नेपाल पस्नबाट रोक्न दामोदर पाँडे दलबलसहित मकवानपुर आएर बसे । भीमसेन थापाको सल्लाहमा पूर्वतयारीका साथ नेपाल फर्केको हुँदा आक्रमण गरी पाँडेहरूलाई त्यही धुलोपिठो पारियो ।


भीमसेन थापाले देशभित्र र बाहिर सबैतिरबाट ठुलो सम्मान र इज्जत प्राप्त गरेर ३१ वर्ष (१८६३-१८९४) सम्म नेपालको शासन चलाउँदा इमानदारीका साथ आफ्ना सारा समय सधैँभरि राज्यको सेवामा लगाए । साम्राज्यवादी अङ्ग्रेज शक्तिसँग रत्तिभर नडराइकन, नझुकिकन उनले वीरतापूर्वक लडेर देशको स्वाभिमान र स्वतन्त्रता बचाए । उनले बेलायती साम्राज्यवादसँग लड्न फ्रान्ससँग सम्बन्ध बढाएर त्यहाँका सेनापति र विशेषज्ञलाई नेपालमा झिकाई नेपाली फौजलाई आधुनिक तालिम दिन लगाए । उनले सैनिक पोशाक र दर्जी पनि फ्रेन्च ढङ्गको बनाए । संवत् १८४९ को चीन-नेपाल युद्धको अन्त्यपछि उनले चीनसित सन्तुलित र राम्रो सम्बन्ध बढाए । देशको स्वतन्त्रता र अस्तित्व जोगाउन, चीन र भारतसित शक्ति सन्तुलनमा राख्न उनले कहिल्यै बिर्सेनन् । यही उनको विदेश नीतिको सफलता हो । त्यसको कदर गर्दै उनलाई लाल गजुर मयुरको कल्की प्रदान गरेर चीनको बादशाहले ठुलो सम्मान गरेका थिए । चीनको वादशाहबाट यस्तो पुरस्कार र सम्मान पाउने प्रथम नेपाली मुख्तियार उनी नै थिए ।

जनरल भीमसेन थापाले देशको व्यवस्थित ढङ्गबाट शासनमात्र चलाएका थिएनन्, अङ्ग्रेजसित लडेर देशलाई बचाएका मात्र थिएनन् । उनले आफ्नो देशभक्ति नैतिकतालाई पनि कहिल्यै गुमाउन दिएनन् । त्यसैले उनको सामुने कसैको शिर उठाउने साहस हुँदैनथ्यो । उनले कसैलाई कहिल्यै पनि वास्तविक प्रतिद्वन्द्व मानेनन् । उनले बाबु बाजेको पालादेखिको शत्रु करवीर, रणजङ्ग आदि पाँडेहरूलाई जागिर दिलाइदिए । आफ्नो शक्ति एवं पदको सुरक्षाको निम्ति भीमसेन थापा कहिल्यै कुनै पनि विदेशी शक्तिको सामुन्ने झुकेनन् । अरुलाई उनीहरूको तथाकथित साथी बनाउन दिएनन् । उनले आफ्नो मुख्तियारी अवधि कहिल्यै पनि देशभित्र अङ्ग्रेज शक्तिलाई खुलेर षड्यन्त्र गर्ने अवसर दिएनन् ।

षड्यन्त्रकारीहरूका नेता रणजङ्ग पाँडेले भीमसेन थापाको विरुद्ध चीनका बादशाह छेउ गुप्त रिपोर्ट लेखी समर्थन मागी पठाए । उनले भीमसेन थापालाई अङ्ग्रेजका समर्थक र चीनविरोधी देखाउने प्रयास गरेका थिए । तर, चीनले त्यसलाई झूटो हो भनी अस्वीकार गरिदियो ।

भीमसेन थापा सरकारी कर्मचारीहरूले घुस लेलान् भन्ने कुरामा पनि सचेत थिए । कुनै पदमा जाने सरकारी कर्मचारीलाई जुन व्यक्तिले दूध खानको निम्ति गाई दिन सक्थ्यो, पान सुपारी चढाउन सक्थ्यो त्यही व्यक्ति अधिकार प्राप्त व्यक्तिको विशेष कृपापात्र हुन्थ्यो । गाउँ, जिल्लामा उसको अन्याय र अत्याचार बढ्न थाल्थ्यो । यो प्रथा घुसको प्राथमिक अवस्था थियो । यसैबाट घुसखोरीलाई प्रोत्साहन मिल्दथ्यो र राज्यमा भ्रष्टाचार बढेर अन्याय बढ्न थाल्थ्यो । भीमसेन थापाले घुसखोरीको यस प्राथमिक रूप अधिकार प्राप्त व्यक्तिलाई दूध खानलाई गाई चढाउनलाई अवैध घोषित गरिदिए । सिमाना सतलजदेखि टिस्टासम्म पुर्‍याएका थिए ।

नेपालको सिमाना सतलजदेखि टिष्टानदीसम्म पुर्‍याएका थिए । ब्रिटिश सरकारले स्युराज र बुटवल र (कपिलवस्तु र रूपन्देही) दुई जिल्ला २५ दिनभित्र छोड्न पत्र पठाउँदा भाइभारदारहरूले सल्लाह दिएका थिए । तर, भीमसेन थापाले ठाडै अस्वीकार गरेर युद्धको बाटो रोजेका थिए । यदि उनीहरूले सल्लाह दिएजस्तो हात उठाएका भए नेपालको स्वतन्त्र अस्तित्व बच्ने थिएन । ब्रिटिश मेजर जनरल अक्टर लोनीको नेतृत्वमा काठमाडौं प्रस्थान गरेका एक दल फौजसँग हरिहरपुर र




मकवानपुरको लडाइँमा हारे पनि गुम्न गएको चुरेसम्मको नेपालको तराई क्षेत्र भीमसेन थापाको परिश्रम र चलाखीबाट पुन:प्राप्त गर्न सफल भएको थियो ।

भीमसेन थापाका सुनधारा, वाग्मती पुल, खिचापोखरी, करिया प्रथा, माना पाठी आदि विभिन्न रचनात्मक ऐतिहासिक कार्यहरूमध्ये धरहरा पनि एक हो । उनले आफ्नो मुख्तियारीकालमा टुँडिखेलनेर दुई ठुला र अग्ला धरहरा बनाउन लगाए । एउटा धरहरा १८९० सालको भूकम्पमा भत्किएको थियो र बाँकी रहेको पनि १९९० सालको भूकम्पमा भत्केर जुद्ध शमशेरको पालामा जीर्णोद्धार गरिएको थियो ।

त्यो धरहरा पनि २०७२ सालको विनाशकारी भूकम्पले भत्कियो । त्यो ऐतिहासिक भीमसेन स्तम्भ धरहरा किन पुन:निर्माण नगरेको भन्ने प्रश्न त्यतिबेला उठेको थियो । त्यसबेला त्यो भीमसेन स्तम्भ नियोजित रूपमा पुन:निर्माण नगरेको आरोप लागेको थियो । यो विदेशी दबाब र प्रभावको कारण देशघाती शासक दलहरूले पुन:निर्माण नगरेको चर्चा नभएको होइन । बेलायती साम्राज्यवादसँग नझुक्ने, लड्ने वीर सेनापति जनरल भीमसेन थापाले बनाउन लगाएको हुँदा त्यसदेखि डराएर त्यो गौरवपूर्ण इतिहासलाई नामेट पार्न बनाउन नदिएको भन्ने त्यतिबेलै सुनिएको थियो । त्यसले नेपाली जनता र सरकारलाई युगौँयुग देशभक्ति भावना, विचार र देशको लागि लड्ने वीर योद्धाहरू नेपालमा बढ्लान् भन्ने डर विदेशी साम्राज्यवादीहरूलाई थियो । जसरी सिक्किमेली जनतालाई नेपाल होइन भारत ठीक छ भन्न लगाउनलाई भारतले त्यहाँका जनतालाई अन्तभन्दा बढी सेवा सुविधा दियो त्यसरी नै भीमसेन थापा र देशको गौरवको इतिहास मेटाउन त्यसको ठाउँमा लाखौं, करोडौं आम्दानी हुने लोभ देखाएर नयाँ कङ्क्रिटको टावर बनाउन लगाएको आरोप लागेको छ । यदि देशभक्त सरकार भएको भए भीमसेन स्तम्भलाई पुरानै शैलीमा पुन:निर्माण गरिन्थ्यो होला । त्यसले देशको इज्जत, स्वाभिमान बच्थ्यो । यसले एकातिर स्वदेशी र विदेशी पर्यटक हेर्न आउँथे र आम्दानी हुन्थ्यो भने अर्कोतिर भविष्यका देशका निर्माता, रक्षक युवा-विद्यार्थीहरूलाई सधैँ देशको स्वाभिमान, गौरवको इतिहास बताइरहने थिए । अनि जनरल भीमसेन थापाले जस्तै देशको लागि सधैँ सधैँ लडिरहने छन् । यसरी भीमसन थापाले बेलायती साम्राज्यवादसँग वीर नेपाली योद्धाहरूको साथ र सहयोगमा प्राणको बाजी लगाएर देशको स्वतन्त्रता जोगाउन देशलाई गुलाम हुनबाट बचाएका थिए ।

देशका देशभक्त र गौरवको लुकेको इतिहास पढ्ने अवसर दिएकोमा लेखक चिन्तरञ्जन नेपाली र प्रकाशक रत्न पुस्तक भण्डारलाई धन्यवाद छ । अरु यस्तै ऐतिहासिक पुस्तक पढ्ने पाठकले आशा गर्नु स्वाभाविक हो ।

## भाषासेवी माष्टर जगतसुन्दर बचत तथा ऋण सहकारी संस्था लि.

कोलाछेँ- ३, भक्तपुर, फोन नं. ६६१९२१३

## धितो घर जग्गा लिलाम बिक्री गर्नेसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८३।०२।०८**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले व्यापार व्यवसाय कर्जा शीर्षकअन्तर्गत लिएको कर्जा सहकारी संस्थाको सर्त कबुलियत र लिखतबमोजिम भाखाभित्र कर्जा तिर्न बुझाउनुपर्नेमा सो रकम नबुझाएको हुँदा कर्जा रकम, ब्याज र हर्जना तिर्ने बुझाउने सम्बन्धमा पटकपटक मौखिक तथा लिखित ताकेता गर्दा पनि सोको बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनुपर्ने रकम नबुझाई सहकारी संस्थाको सर्त बन्देज उल्लङ्घन गरेकोले ऋणीलाई कर्जा चुक्ता गर्नको लागि 'मजदुर' राष्ट्रिय दैनिक पत्रिकामा पहिलोपटक मिति २०८३।१।२४ मा १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दासमेत कर्जा नबुझाएकाले कर्जाको सुरक्षणबापत संस्थाको नाउँमा धितो सुरक्षण राखेको अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानुनको अधीनमा रही डाँक बढाबढ बोलकबोलमार्फत लिलाम बिक्री गरी संस्थाको लिनुपर्ने रकम असुलउपर गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्ति डाँक बढाबढ बोलकबोलमार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा सङ्गठित सङ्घ संस्थाले सूचनामा उल्लेखित अवधिभित्र तोकिएको सर्तहरूको अधीनमा रही रितपूर्वक भरी संस्थाको कार्यालयमा आवेदन पेस गर्न आह्वान गरिन्छ । साथै, तपसिलका अचल सम्पत्ति लिलाम बिक्री भई संस्थाले असुलउपर गर्नुपर्ने सम्पूर्ण रकम असुलउपर नभएमा बाँकी बक्यौता रकम सहकारी ऐन २०७४ तथा नियमावली २०७५ तथा प्रचलित कानुनबमोजिम ऋणी र निजको एका सगोल परिवारको नाउँमा चलअचल जायजेथाबाट असुलउपर गरिने व्यहोरा ऋणी सदस्य तथा सम्बन्धित सबैमा यसै सूचनाद्वारा अवगत गराइन्छ ।

**तपसिल**

| क्र. सं. | ऋणीको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| १. | **नाम** : मोहनकेशरी खर्बुजा (स्यामा)<br>**पिता** : बद्रिभक्त खर्बुजा<br>**पति** : विष्णुप्रसाद स्यामा<br>**ससुरा** : कृष्ण स्यामा<br>**ठेगाना** : भक्तपुर जिल्ला भक्तपुर नगरपालिका साबिक वडा नं. १५ भई हाल परिवर्तित वडा नं. २ | भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १५ कित्ता नं. ६९७ को क्षेत्रफल ०-१-१-० घर जग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातसमेत । |

**तपसिल**

१) यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कर्जा चुक्ता नभएमा ३६ औं दिनमा दिनको ४:०० बजेसम्ममा धितो लिलाम बिक्रीमा सहभागी महानुभावरू र सरकारी प्रतिनिधिहरूको रोहवरमा संस्थाको कार्यालयमा धितो लिलाम बिक्री गरिनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सोही समयमा धितो लिलाम बिक्री गरिनेछ ।
२) धितो लिलाम बिक्रीमा सहभागी हुन संस्थाको कार्यालयबाट रू. १,०००।- पछि फिर्ता नहुने गरी तिरी नाउँ दर्ता गराउन सकिनेछ । साथै, आपपूले बोलकबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
३) धितो लिलाम बिक्रीमा सकार गरी लिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
४) डाँक बढाबढमा आफूले कबुल गरेको रकमको १०% ले हुन आउने रकम धरौटी रूपमा यस सहकारी संस्थामा नगदै वा संस्थाको सिटिजन्स बैङ्क इन्टरनेसनल लि. शाखा कार्यालय खौमा भक्तपुरको खाता नं. ०३००१०००००१७९२०१ मा बैङ्क Deposit गरी सोको भौचर पेस गर्नुपर्नेछ ।
५) बढी रकम बोलकबोल गरी स्वीकृत भएमा सोको ७ दिनभित्र बाँकी सम्पूर्ण रकम बुझाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापतको १०% रकम जफत हुनेछ ।
६) कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने वा बोलकबोल स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार सहकारी संस्थामा सुरक्षित रहनेछ ।
७) इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जे जस्तो अवस्था र परिणाममा छ सो अवस्था र परिणाममा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहने महानुभावरूले यस संस्थामा सम्पर्क राख्न सकिनेछ ।
८) सहकारी ऐन २०७४ को दफा ७९(छ) अनुसार उक्त सम्पत्ति संस्था आफैले सकार गरी आफ्नै अधिनमा राख्न सकिनेछ ।
९) उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिस्ट्रेसन दस्तुरलगायतका अन्य सम्पूर्ण दायित्व सकार गर्ने व्यक्तिले तिर्नुपर्नेछ ।
१०) डाँक बढाबढमा बोलकबोल गरेको रकम वा धरौटीवापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै, लिलाम सदर/बदर को निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
११) डाँक बढाबढमा बोलकबोल गरेका व्यहोरा संस्थाको अभिलेख फारममा उल्लेख गराई सही छाप गर्नुपर्नेछ ।

# ‘वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२’ बहुमतले पारित

काठमाडौँ, ७ जेठ । प्रतिनिधिसभा बैठकमा ‘वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२’ बहुमतले पारित भएको छ ।

बैठकमा सभामुख डोलप्रसाद अर्यालले उक्त विधेयक निर्णयार्थ प्रस्तुत गरी बहुमतले पारित भएको घोषणा गर्नुभएको हो । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले ‘वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२’ माथि पारित गरियोस् भन्ने प्रस्ताव पेस गर्नुभएको थियो ।

अर्थमन्त्री डा. वाग्लेले ‘वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२’ सदनमा दफाबार छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । सभामुख अर्यालले विधेयकलाई निर्णयार्थ प्रस्तुत गर्दै उक्त विधेयक दफाबार छलफका लागि बहुमतले स्वीकृत भएको घोषणा गर्नुभएको थियो ।

उक्त विधेयकमाथि ६ वटा संशोधन परेको थियो । सांसदहरू लीमा अधिकारी आचार्य र सांसद गणेश कार्कीले संशोधन फिर्ता लिनुभएको थियो ।

प्रतिनिधिसभाको अर्को बैठक जेठ १२ गते मङ्गलबार बिहान ११:०० बजे बस्नेछ ।

**जाँचबुझ...**

४:३० बजेतिर म मिनभवनमा रहेको घरतर्फ गएको हुँ । प्रहरीले महत्त्वपूर्ण प्रतिष्ठान जोगाउन गोली चलाएको हो जस्तो लाग्छ ।

**प्रत्यक्षदर्शी सरोज टन्डन**

भदौ २३ गते अन्दाजी ११:३० बजेतिर हो-हल्ला सुनेपछि म बाहिर निस्की हेर्दा संसद् भवनको पश्चिमतर्फ र दक्षिणतर्फको सडकभरि मानिसहरू थिए । भीडमा स्कूल कलेज युनिफर्ममा समेत विद्यार्थीहरू थिए । भीडका मानिसहरूले सडकमा बार, रेलिङ, बिजुलीका पोल, सिसी क्यामेरा तोडफोड गर्दै थिए । प्रहरीले पनि पानीको फोहरा र लाठी चार्ज गर्दै थियो । केही मानिसहरू हातमा बोकी ल्याएका पिक, फलामे रड, हम्मरले संसद् भवनको पर्खालसमेत भत्काउँदै थिए । केही मानिसहरू पर्खाल नाघ्दै संसद् भवन परिसरभित्र छिर्दै थिए । यसबिचमा प्रहरीले माइकिङ गर्दै कर्फ्यु लागेको जानकारी गराएको थियो । करीब दिनको २ बजेतिर गोली लागी हाम्रो क्याफे अगाडि सडकमा एक जना र चोकमा एक जनासमेत दुई जना ढलेको देखेको हुँ । दिनभरि नै प्रहरीसँग भीड पक्षको दोहोरो हानाहानजस्तै भइरह्यो । साँझ भएपछि मात्र अवस्था सामान्य भएको हो ।


## माध्यमिक (कक्षा ११-१२) स्तरीय
### संयुक्त परीक्षा समिति, भक्तपुर
स्थापित २०६१

## परीक्षा समितिका सदस्य विद्यालयहरूमा शैक्षिक सत्र २०८३ को लागि कक्षा ११ को भर्ना कार्यक्रम

| | |
|---|---|
| १. फाराम वितरण | : **२०८३ वैशाख ३० गते**, बुधबारदेखि (सम्बन्धित सबै माविहरूबाट) |
| २. फाराममा संलग्न हुनुपर्ने | : हालसालै खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो २ प्रति, एस.ई.ई.को ग्रेडसीट (हाललाई इन्टरनेटबाट डाउनलोड गरेको) र चारित्रिक प्रमाणपत्रको फोटोकपी १/१ प्रति |
| ३. फारम बुझाउने अन्तिम मिति | : **२०८३ जेठ ८ गते**, शुक्रबार, साँझ ५ बजेसम्म |
| ४. प्रवेश परीक्षा मिति तथा समय | : **२०८३ जेठ ९ गते**, शनिबार (बिहान ७:०० बजेदेखि ८:३० बजेसम्म) **(आवश्यकताअनुसार थप प्रवेश परीक्षा लिन सकिनेछ ।)** |
| ५. प्रवेश परीक्षा केन्द्र | : आवेदन फाराम बुझाएको विद्यालयमा नै परीक्षा केन्द्र कायम गरिनेछ । |
| ६. परीक्षा दिनुपर्ने विषयहरू | |
| अ) विज्ञान/प्राविधिक समूह | : अङ्ग्रेजी, गणित, विज्ञान |
| आ) व्यवस्थापन समूह | : अङ्ग्रेजी, सामाजिक अध्ययन, लेखा |
| इ) मानविकी/शिक्षा/कानुन समूह | : अङ्ग्रेजी, नेपाली, सामाजिक अध्ययन |
| ७. प्रवेश परीक्षाको नतिजा प्रकाशन | : **२०८३ जेठ ११ गते**, सोमबार, बिहान १०:०० बजे (सम्बन्धित माविहरूमा) |
| ८. अन्तर्वार्ता | : लिखित परीक्षामा उत्तीर्ण परीक्षार्थीहरूको अन्तर्वार्ता **२०८३ जेठ १२ गते**, मङ्गलबार बिहान ७ बजेदेखि सम्बन्धित माविहरूमा सञ्चालन हुनेछ । |
| ९. भर्ना हुने अन्तिम मिति | : **२०८३ जेठ २२ गते**, शुक्रबार |
| १०. कक्षा सञ्चालन | : **२०८३ जेठ २८ गते**, बिहीबार |
| ११. शुल्क विवरण | : |

अ) आवेदन फाराम रु.२५।- तथा प्रवेश परीक्षा शुल्क रु.१००।-

आ) शैक्षिक वर्ष २०८३ मा भर्ना हुने विद्यार्थीहरूको लागि शुल्क संरचना सबै माविहरूका लागि गत शैक्षिक सत्रकै हुनेछ ।

- कम्प्युटर शुल्क, होटल म्यानेजमेन्ट शुल्क, OJT शुल्क सम्बन्धित विद्यालयले निर्धारण गरेबमोजिम हुनेछ ।
- गरीब तथा जेहनदार विद्यार्थीहरूलाई उचित छात्रवृत्ति दिइनेछ ।

### सदस्य विद्यालयहरू

वागीश्वरी मावि, च्याम्हासिंह — ६६१४३९१, ६६१०२७०, ६६१३०४१

बासु मावि, कालीघाट — ६६१५२५७, ६६१९०१४, ६६२०३००

आदर्श आजाद मावि, परदेशी भीमसेनस्थान — ६६१०५८०

देवी मावि, ताथली — ५९२५८३३

दोलागिरि मावि, चाँगु — ५१४१२२०

जोरपाटी मावि, जोरपाटी — ६५४०१५४

विद्यार्थी निकेतन मावि, दरबार स्क्वायर — ६६१०३८६

## सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### साकोस व्यवस्थापन तालिम

**तालिम मिति**
२०८३ जेठ १५ र १६ गते
दिनको १० बजेदेखि ४ बजेसम्म
दर्ता शुल्क : रु. ४००।-

स्थान : सिद्धि गणेश तालिम हल, खँचा
अन्तिम दर्ता मिति : २०८३ जेठ १३ गते

(नोट: संस्थाको निर्वाचन निर्देशिका-२०७५ को नियम ३.३ अनुसार निर्वाचनमा सञ्चालक/लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवारी दिने योग्यताका रूपमा यस तालिमलाई मान्यता दिइनेछ ।)

### जानकारी एवं छलफल कार्यक्रम

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने संस्थाका ऋणी र सदस्यहरूलाई हालको वित्तीय बजारमा सहकारीको अवस्थाबारे र सम्पत्ति शुद्धीकरणसम्बन्धी **जानकारी एवं छलफल कार्यक्रम**मा सहभागी हुन सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**कार्यक्रम मिति**
२०८३ जेठ १० गते, आइतबार
बिहान ८:३० बजेदेखि

स्थान : सिद्धि गणेश तालिम हल, खँचा

ऋण उपसमिति

### मोटरसाइकल मर्मत तालिम

**तालिम मिति**
२०८३ जेठ १७ देखि ३१ गतेसम्म
साँझ ५ बजेदेखि ७ बजेसम्म
दर्ता शुल्क : रु. १०००।-

तालिम हुने स्थान : सिद्धि गणेश तालिम हल, खँचा

सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखु

(नोट: तालिममा बढीमा २० जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।)

### गतिविधि





गुँडगाउँ, हरियाना, भारतमा भइरहेको Stategic Leadership in Cooperatives तालिममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखा, कोषाध्यक्ष जयराम गोर्खाली र सञ्चालक सदस्य रत्नश्वरी चवालज्यूको सहभागिता ।

‘सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश’


**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५

Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

## हार्दिक समवेदना



न्हुछेराम प्रजापति

जन्म : १९८८/१०/१६ निधन : २०८३/०१/२६

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय समितिका अध्यक्ष ज्ञानसागर प्रजापतिका पूजनीय पिता **न्हुछेराम प्रजापति**को दु:खद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**नेपाल क्रान्तिकारी शिक्षक सङ्घ**
केन्द्रीय समिति

**नेपाल क्रान्तिकारी शिक्षक सङ्घ**
भक्तपुर जिल्ला समिति

## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर-२

### कक्षा ११ को छात्रवृत्तिसम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

**सूचना प्रकाशित मिति २०८३।०२।०८ गते (ने.सं.१४४६ अनला ध्व, षष्ठी)**

शैक्षिक सत्र **२०८३/०८४** को लागि भक्तपुर नगरपालिकाअन्तर्गतका विद्यालयहरूमा कक्षा ११ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्थाबमोजिम विद्यालयले उपलब्ध गराउनुपर्ने १०% छात्रवृत्तिमध्ये ३३% छात्रवृत्ति सिफारिसको लागि भक्तपुर नगरपालिकाको निर्णयअनुसार छनौट हुने व्यहोरा सूचित गरिन्छ ।

छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले नगर शिक्षा शाखा ब्यासीमा दर्खास्त दिनुहुन सम्बन्धित सम्पूर्णमा सूचित गरिन्छ ।

छात्रवृत्ति व्यवस्थासम्बन्धी सम्पूर्ण प्रक्रिया संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७४ बमोजिम हुनेछ ।

**तपसिल**

**फाराम वितरण:** २०८३ जेठ ८ गते शुक्रबारदेखि

**फाराम बुझाउने अन्तिम मिति:** २०८३ जेठ २० गते बुधबारसम्म

**फाराम शुल्क:** रू.२००।- (दुई सय रूपैयाँ)

| परीक्षा केन्द्र | परीक्षा मिति र समय |
|---|---|
| ख्वप माध्यमिक विद्यालय, देकोचा, भक्तपुर-६ | २०८३ जेठ ३० गते, शनिबार बिहान ७:३० बजे |

**शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**सम्पर्क नं.: ०१-६६१०११६**


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा